का.जि.प्र.का.द.नं. १००/०५९/६०
२ असोज २०८२
बिहीबार
18 September 2025
Thursday
नेपाल संवत् ११४५
मूल्य रु. ५/-

# मध्याह्न
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक २२८ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# भोट हाल्न पाएको ७२ वर्षपछि महिला प्रधानमन्त्री






नेपालको लोकतान्त्रिक इतिहासमा पहिलो महिला प्रधानमन्त्री हुनु सम्पूर्ण राष्ट्रकै गौरवको विषय हो ।

**इन्दिरा राना मगर**
उपसभामुख

**विमला ढकाल/मध्याह्न**
काठमाडौं, १ असोज

नेपालमा महिलाले मताधिकार प्रयोग गर्न पाएको ७२ वर्ष भयो । मताधिकार प्रयोग गर्न पाएको ७२ वर्षको इतिहासमा महिलाले कार्यकारी प्रमुखका रूपमा मुलकको नेतृत्व गर्ने अवसर प्राप्त गरेका छन् ।

यही भदौ २३ र २४ गते भएको जेनजीको प्रदर्शनले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीलाई राजीनामा दिन बाध्य पाऱ्यो । सोही आन्दोलनको जगमा पूर्वप्रधानन्यायाधीश कार्की प्रधानमन्त्री बनेकी छन् । कार्कीका नाममा दुईवटा रेकर्ड बनेको छ । पहिलो : पहिलो महिला प्रधानन्यायाधीश । दोस्रोमा पहिलो महिला प्रधानमन्त्री । कार्कीले २०७३ असार २७ देखि २०७४ जेठ २४ गतेसम्म प्रधानन्यायाधीशका रूपमा न्यायलयको नेतृत्व गरेकी थिइन् । २७ भदौ २०८२ मा प्रधानमन्त्री बनिन् । विघटित प्रतिनिधिसभाका उपसभामुख इन्दिरा राना मगर पृष्ठ २ मा

## नापीका ५३ वर्ष पुराना दस्तावेज खरानी

जेनजीको प्रदर्शनका क्रममा सिंहदरबार, संसद् भवन, सर्वोच्च अदालतलगायतका संरचना मात्रै होइन, काठमाडौंसहित जिल्लाजिल्लामा रहेका भौतिक संरचना र सरकारी कार्यालय जलाइँदा ऐतिहासिक दस्तावेज खरानी भएका हुन् ।

**कुलेन्द्र शाही/मध्याह्न**
सुर्खेत, १ असोज

कर्णाली प्रदेशको राजधानी सुर्खेतको मुटुमा रहेको नापी कार्यालय अहिले धुवाँ र खरानीको गन्धले भरिएको छ । गत मंगलबार जेन-जी प्रदर्शनका क्रममा यहाँका सरकारी कार्यालयलाई मुख्य निसानामा पारिँदा यस कार्यालयले ठुलो क्षति बेहोरेको छ । करोडौं खर्चेर बनेको भवनमा अहिले कालो रित्तो पर्खाल मात्र बाँकी छ । कार्यालयमा भएका महत्वपूर्ण दस्तावेज जलेर खरानी भएपछि नापीका सम्पूर्ण सेवा ठप्प छन् ।

आन्दोलनकारीले नापी कार्यालयमा रहेका नक्सासम्बन्धी सम्पूर्ण स्रेस्ता र जिन्सी सामग्री जलाएपछि सेवा अवरुद्ध बनेको हो । अराजक समूहको आगजनीमा नक्सा र कम्प्युटरलगायतका सामग्री जलेर नष्ट भएपछि कर्मचारी कामविहीन छन् । 'अफिस त आइरहेका छौं तर स्रेस्ता, नक्सा र कम्प्युटर केही नभएपछि पृष्ठ २ मा

### साढे २ करोड क्षति

आन्दोलनबाट भएको क्षतिको विवरणको मूल्यांकन गर्न गत बुधबारदेखि कर्मचारी सक्रिय थिए । उनीहरूले पाँच दिन बढी लगाएर क्षतिको अनुमानित विवरण निकालेका छन् । जसअनुसार आगजनीबाट साढे २ करोड क्षति पुगेको अनुमान छ । स्रेस्ता जलेका कारण वास्तविक नोक्सानी अझ बढी हुन सक्ने प्रमुख भण्डारी बताउँछन् । 'जलेका गाडीको मूल्य नै खुलेको छैन, कागजातको त मूल्यांकन सम्भव छैन,' उनले भने, 'भवनलगायतको क्षति मूल्यांकन गर्दा २ करोड पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## युएईले गऱ्यो वर्किङ भिसामा पनि कडाइ

**मध्याह्न संवाददाता**
काठमाडौं, १ असोज

युएई सरकारले नेपालका हकमा कामदार (वर्किङ) भिसामा पनि कडाइ सुरु गरेको वैदेशिक रोजगार व्यवसायीहरूले बताएका छन् । युएईले सोमबारबाट नेपालीका लागि भिजिट भिसा बन्द गरेको थियो ।

वर्किङ भिसाका लागि पेस भएका निवेदनहरूमा भिसा रद्द हुने प्रतिशत बढेको जानकारी आएको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका तृतीय उपाध्यक्ष बैकुण्ठ पौडेल वैभवले बुधबार मध्याह्न दैनिकलाई बताए । तर युएईले नेपाली कामदारको भिसा रोकिएको बारे कुनै जानकारी दिएको छैन । अबुधावीस्थित नेपाली राजदूतावासले पनि कुनै जानकारी नपाएको बताएको छ ।

भदौ २४ गतेको जेनजी प्रदर्शनका क्रममा जेल तोडेर १३ हजार कैदी र ठुलो संख्यामा थुनुवा भागेका कारण ती व्यक्तिहरू आफ्नो मुलुक छिर्न सक्ने आंकलन गरेर अस्थायी रूपमा भिजिट भिसा रोकेको धेरैको आंकलन छ ।

संघका निवर्तमान द्वितीय उपाध्यक्ष सञ्जु गुरुङले कामदार भिसामा जान चाहने नेपालीको चालचलन र पृष्ठभूमि एकिन गर्न पुलिस रिपोर्ट माग गर्न सक्ने भएपनि भिसा नै बन्द गर्ने अवस्था नरहेको बताए । युएईले पाकिस्तानी र बंगलादेशी कामदारहरूको भिसा जारी गर्नुअघि चालचलन ठिक भएको पुलिस रिपोर्ट माग्ने गरेको छ ।

युएईले नेपालीलाई भिजिट भिसा नदिने निर्णय पनि आधिकारिक रूपमा गरेको छैन । पृष्ठ २ मा

### क्यारेफोर कम्पनी कुवेत र बहराइनबाट पनि बाहिरिएको घोषणा




काठमाडौं/मस- बहुराष्ट्रिय कम्पनी क्यारेफोरले कुवेत र बहराइनबाट बाहिरिएको घोषणा गरेको छ । उक्त कम्पनीमा तल्लादेखि माथिल्ला पदहरूमा उल्लेख्य संख्यामा नेपाली कार्यरत रहेका छन् । ग्राहकहरूलाई सम्बोधन गर्दै एक आधिकारिक विज्ञप्तिमा उक्त कम्पनीले बहराइन र कुवेतमा रहेका आफ्ना स्टोरहरू पृष्ठ २ मा

## सुस्त दसैं बजार, किन्नेभन्दा घुम्ने धेरै

बजारमा किनमेलभन्दा भाउ सोधेर जाने ग्राहक धेरै छन् । होलसेल पसलमा सामान लिन आउने खुद्रा व्यवसायीको संख्या पनि घटेको छ । त्यसैले होलसेल व्यापारी पनि खुद्रा व्यापार गर्न बाध्य छन् ।

**छवि सापकोटा/मध्याह्न**
काठमाडौं, १ असोज

दसैं नजिकिएसँगै काठमाडौंमा मुख्य बजारमा चहलपहल सुरु भएको छ । दसैंमा किनमेल बढी हुने भएकाले बजारमा चहलपहल सधैं बढ्ने गरेको छ । सरकारले जेनजी आन्दोलनमा मृत्यु भएकाको स्मरणमा शोक बिदा दिएपछि बुधबार काठमाडौंका मुख्य बजार न्युरोड, असन, भोटाहिटी, इन्द्रचोकलगायतको क्षेत्रमा दसैंका लागि किनमेल गर्नेको चाप बढेको हो ।

दसैं मनाउन गाउँ जानेहरूले छिटै किनमेल गर्ने गरेका छन् । बुधबार बजारमा भिड बढी देखिए पनि व्यापार भने कम भएको व्यवसायी बताउँछन् । इन्द्रचोकका कपडा व्यवयायी महेश अग्रवाल बजारमा चहलपहल भए पनि किनमेल गर्नेको संख्या निकै कम भएको बताउँछन् । उनी भन्छन्, 'जेनजी आन्दोलनका कारण चार दिन बजार सुनसान नै बन्यो । सोमबारबाट चहलपहल त भएको छ तर व्यापार छैन ।' दसैंअघि अझै दुईवटा शनिबार बाँकी रहेकाले अहिले आउने ग्राहक किन्नेभन्दा मूल्य सोधेर फर्कने धेरै रहेको उनी बताउँछन् ।

यस्तै, महाबौद्धका व्यवसायी तातोपानी नाकाबाट सामान कम आउँदा र जेनजी आन्दोलनका कारण व्यापारमा कमी आउन सक्ने बताउँछन् । महाबौद्ध होलसेल व्यवसायी ओमप्रकाश पौडलले चिनियाँ नाका बन्द हुँदा सामान ल्याउन नै कठिन भएको बताउँछन् । उनी भन्छन्, 'बजारमा महँगी धेरै छ । बजारमा भिड त पृष्ठ २ मा


### साइप्रसमा पुरुष र महिलाहरूको लागि वैदेशिक रोजगारको अवसर

कम्पनी: C. & C. PRIVATE EMPLOYMENT AGENCY-LIC. NO.310 शहर: PAPHOS
पूर्व स्वीकृत मिति: २०८२/०५/०१ चलानी नं.: ६०२४४९७१ LT. No.: 329363

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chamber Maids | 0 | 10 | सम्बन्धित काममा दक्ष | 800 | १,३२,७५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Employee | 5 | 0 | | 800 | १,३२,७५२ | | | | | | | |
| 3. | Spa Therapist | 0 | 5 | | 800 | १,३२,७५२ | | | | | | | |
| 4. | Waiter | 5 | 0 | | 800 | १,३२,७५२ | | | | | | | |

कम्पनी: C. & C. PRIVATE EMPLOYMENT AGENCY-LIC. NO.310 शहर: PAPHOS
पूर्व स्वीकृत मिति: २०८२/०४/३० चलानी नं.: ६०२४४९७० LT. No.:329362

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chambermaid | 0 | 10 | सम्बन्धित काममा दक्ष | 800 | १,३२,७५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Employee | 5 | 0 | | 800 | १,३२,७५२ | | | | | | | |
| 3. | Spa Therapist | 0 | 5 | | 800 | १,३२,७५२ | | | | | | | |
| 4. | Waiter | 5 | 0 | | 800 | १,३२,७५२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज ९ गते (25 September 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Bridge Sky International Pvt. Ltd.
PO Box : 24789, Dhapasi, Near Shahanshah Hotel, Kathmandu, Nepal.
मोबाईल : ९८०१०३०५५५ फोन नं. ४९५३३२१, ४९५४९७१, ४९५६३६१, फ्याक्स: ४४६५३९५
Email : admin@bridgeskyint.com.np Website: www.bridgeskyint.com.np
Gov Lic No: 573/062/063

मध्यान्ह
www.madhyanhadaily.com
२ असोज २०८२ बिहीबार
18 September 2025 Thursday

# आगजनी र तोडफोडमा संलग्नले छुट नपाउने

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ असोज

भदौ २३ र २४ गते देशभर भएको आगजनी र तोडफोडमा संलग्नले छुट नपाउने भएका छन् । सरकारले यससम्बन्धी अध्ययन नै सुरु गरेको छ भने राजनीतिक दलहरूले पनि आगजनी र तोडफोडमा संलग्न देखिएका नेता/कार्यकर्तालाई कारबाही गर्ने बताएका छन् ।

आन्दोलनका नाममा सार्वजनिक तथा व्यक्तिगत सम्पत्तिमाथि आगजनी र तोडफोडमा संलग्न भई गैरकानुनी काम गर्नेमाथि कारबाही गर्न नेपाल प्रहरीले तस्बिर तथा भिडियो उपलब्ध गराउन सार्वजनिक रूपमै आह्वान गरेको छ ।

यसै सन्दर्भमा राजनीतिक दलहरूले पनि आफ्ना कार्यकर्ताको संलग्नता देखिए कारबाही गर्ने प्रतिबद्धतासहित तथ्यांक उपलब्ध गराउन अनुरोध गरेका छन् ।

नेपाली कांग्रेसले आन्दोलनमा सहभागी भइ आगजनी र तोडफोडमा संलग्न आफ्ना नेता/कार्यकर्तालाई पार्टीले कारबाही गर्ने भएको छ । नेपाली कांग्रेसले आन्दोलनमा सहभागी भएर अवाञ्छित गतिविधिमा संलग्नमाथि कारबाहीका लागि सबै तहमा सर्कुलर गरेको छ । महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले बुधबार प्रदेश तथा जिल्ला कार्यसमितिहरूलाई सर्कुलर गरी



जेनजी आन्दोलनका क्रममा आगजनी र तोडफोडमा संलग्न रहने कार्यकर्ताहरूको विवरण मागेका छन् ।

यसअघि नेकपा माओवादी केन्द्र र रास्वपाले पनि आन्दोलनमा सहभागी भएर आगजनी तथा तोडफोड गर्ने कार्यकर्तालाई कारबाही गर्न त्यस्ता कार्यकर्ताको विवरण माग गरेका थिए ।

नेकपा एमालेले भने यस विषयमा केही बोलेको छैन । जेनजी युवाहरूको आन्दोलनमा पार्टीका कार्यकर्ताको घुसपैठ भएको पाइएको छ ।

जेनजी पुस्ताले भ्रष्टाचार र सामाजिक सञ्जाल बन्दविरुद्ध भएको प्रदर्शनका क्रममा प्रहरीको गाली लागेर २३ भदौमा बानेश्वरमा १७ जना र विराटनगरमा २ गरी १९ जनाको मृत्यु भएको थियो । राज्यका तर्फबाट संयमता नअपनाउँदा विद्यार्थी युवाहरूको हत्या भएपछि आक्रोशित आन्दोलनकारीले २४ भदौमा सिंहदरबारस्थित विभिन्न मन्त्रालय, सर्वोच्च अदालत, कांग्रेस, एमाले, माओवादी पार्टीका नेताका दर्जनौं घरमा आगजनी गरेका थिए ।

सरकारी र निजी सम्पत्तिमा आगजनी तथा तोडफोड गर्दै गरेका भिडिओ सामाजिक सञ्जालमा छन् । यस कार्यमा विभिन्न दलका नेता, कार्यकर्ता संलग्न रहेका फोटो/भिडिओ आइरहेका छन् । त्यस्ता तस्बिर तथा भिडियो संकलन गरेर आफ्ना कार्यकर्ता पहिचान गरी आवश्यक कारबाही गर्ने दलका नेताहरूले बताएका छन् ।

'जेनजी आन्दोलनका क्रममा काठमाडौं र बाहिर आगजनी र तोडफोडमा कतै कांग्रेस कार्यकर्ता संलग्न त छैन, संलग्न भएको फोटोलगायत विवरण र नाम तत्काल केन्द्रीय कार्यालयमा पठाउन जिल्ला तहमा सर्कुलर गरेको नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले जानकारी दिए ।

'जेनजी आन्दोलनका क्रममा माओवादी, रास्वपा, राप्रपालगायत विभिन्न दल र विभिन्न समूहमा आबद्ध रहेका संलग्न रहेको देखिएको कुरा बिस्तारै खुल्दै आएका छन्, कतै हाम्रो पार्टी (कांग्रेस) कार्यकर्ता पनि संलग्न पो थिए कि एक जना मात्रै संलग्न रहेको रहेछ भने पनि हामी तुरुन्त कारबाही गरिहाल्छौं,' कांग्रेसले जारी गरेको सर्कुलरमा उल्लेख छ ।

त्यस्तै, माओवादी केन्द्रले 'जेनजी पुस्ता'को आन्दोलनमा सहभागी भई तोडफोड तथा आगजनीमा संलग्न भएको पुष्टि भएमा आफ्ना नेता तथा कार्यकर्तालाई कारबाही गर्ने पार्टीका उपाध्यक्ष तथा प्रवक्ता अग्निप्रसाद सापकोटाले बताए । रास्वपाले पनि उक्त घटनामा आफ्ना कार्यकर्ता संलग्न भएको पुष्टि भएको कारबाही गर्ने निर्णय गरेर तथ्यांक संकलन गरिरहेको नेताहरूले बताएका छन् ।

## एमाले युवाहरूको पार्टी हो : शंकर पोखरेल

**काठमाडौं/मस–** नेपाल कम्युनिष्ट पार्टी (एमाले)का महासचिव शंकर पोखरेलले एमाले युवाहरूको पार्टी भएको स्पष्ट पारेका छन् ।

एमालेका केन्द्रीय विभागको बैठकलाई सम्बोधन गर्दै उनले एमाले कहिल्यै युवाबाट टाढा नरहेको बताए । महासचिव पोखरेलले एमालेले जिल्लादेखि केन्द्रसम्म युवालाई आरक्षण प्रदान गरेको उल्लेख गरे । सोही क्रममा जेनजी प्रदर्शनमा ज्यान गुमाएका शहीदप्रति श्रद्धाञ्जली अर्पण गरिएको थियो । एमालेले असोज ३ गते संविधान दिवस मनाउने तयारीका लागि पार्टीको विभागीय



बैठक राखेको थियो ।

एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले संविधान र संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षाका लागि आगामी असोज ३ गते संविधान दिवस भव्यतापूर्वक मनाउने जानकारी दिए ।

महासचिव पोखरेलले परिपत्र गर्दै संविधान दिवस भव्यताका साथ मनाउन प्रदेश कमिटी र जिल्ला कमिटी अध्यक्षलाई निर्देशन दिइसकेका छन् ।

## जनमत पार्टीका पदाधिकारीद्वारा अध्यक्षको राजीनामा माग



**काठमाडौं/मस–** जनमत पार्टीका पदाधिकारीसहितले अध्यक्ष पदबाट राजीनामा दिन सिके राउतलाई आग्रह गरेका छन् ।

वरिष्ठ उपाध्यक्ष अब्दुल खान, केन्द्रीय प्रवक्ता शरदसिंह यादव, जनमत युवा संघका संयोजक सञ्जयकुमार यादवलगायतका ६ नेताले आज सामूहिक हस्ताक्षर गरी २४ घण्टाभित्र राजीनामा माग गरेका हुन् ।

जनताको भरोसा र समर्थनले पार्टीलाई राष्ट्रिय पार्टीको मान्यता दिए पनि पछिल्लो शीर्ष नेतृत्वबाट कमजोर कार्यशैली, निर्णय प्रक्रियामा पारदर्शीता अभाव तथा जनभावना विपरित गतिविधि देखिएको उनीहरुको भनाइ छ ।

अध्यक्षलाई सम्बोधन गरिएको पत्रमा भनिएको छ, 'मुलुकको राजनीतिक, सामाजिक तथा प्रशासनिक प्रणालीमा व्यापक शुद्धीकरणको आवश्यकता दिन प्रतिदिन तीव्र रूपमा महसुस भइरहेका बेला जनमत पार्टीलेसमेत आत्मसमीक्षा गर्दै परिवर्तनको मार्ग अपनाउनु अत्यावश्यक भइसकेको छ ।'


## निर्वाचन, सुशासन र न्यायिक छानबिन सरकारको मुख्य दायित्व : नागरिक अगुवा

**काठमाडौं/मस–** नवनियुक्त प्रधानमन्त्री सुशीला कार्कीले आफूलाई प्राप्त कार्यादेशअनुसार निर्वाचनलाई केन्द्रमा राखेर काम सुरु गरिसकेकी छन् ।

गत भदौ २३ र २४ गते भएको जेनजी समूहको प्रदर्शन र त्यसबाट उत्पन्न परिस्थितिमा गठित कार्की नेतृत्वको अन्तरिम सरकारको काँधमा शान्तिसुरक्षा कायम गर्दै प्रदर्शनका क्रममा भएको जनधनको क्षतिको निष्पक्ष छानबिन गरी दोषीलाई कारबाही गर्नुपर्ने महत्वपूर्ण दायित्व पनि रहेको छ । यसैगरी, प्रदर्शनका क्रममा उठाइएको भ्रष्टाचारको अन्त्य, सुशासन कायम राख्ने र युवापुस्ताको सोचलाई राज्यका अंगमा प्रतिबिम्बित गराउने जिम्मेवारी पनि सरकारले निभाउनुपर्ने बताइएको छ ।

जेनजी समूहको प्रदर्शनपछि तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिएपछि राष्ट्रपति रामचन्द्र पौडेलले भदौ २७ गते पूर्वप्रधानन्यायाधीश कार्कीलाई प्रधानमन्त्री पदमा नियुक्त गरेका थिए ।सोही दिन प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधिसभा विघटन गरी आगामी फागुन २१ गतेका लागि निर्वाचन घोषणा गरेका थिए । निर्वाचन मिति घोषणा भएपछि निर्वाचन आयोगले प्रारम्भिक तयारी सुरु गरेको छ भने प्रधानमन्त्री कार्कीले चार सदस्यीय मन्त्रिपरिषद् विस्तार गरिसकेकी छन् । अर्थ मन्त्रालयको जिम्मेवारी पूर्वअर्थसचिव रामेश्वर खनाले पाएका छन् भने नेपाल विद्युत् प्राधिकरणका पूर्वकार्यकारी निर्देशक कुलमान घिसिङले ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार, यातायात र सहरी विकास मन्त्रालयको जिम्मेवारी पाएका छन् । गृहमन्त्रालयको जिम्मेवारी अधिवक्ता ओमप्रकाश अर्यालले सम्हालेका छन् ।

नागरिक क्षेत्रका अगुवा एवं बुद्धिजीवीले सरकारका आगामी प्राथमिकता र प्राप्त कार्यभारका विषयमा प्रमुख तीन कुरामा जोड



दिएका छन् ।

जेनजी समूहले शान्तिपूर्ण प्रदर्शनका क्रममा कसरी घुसपैठ भयो र जनधनको क्षति भयो भन्ने निष्पक्ष छानबिन गरी दोषीलाई कारबाही गर्नुपर्ने माग उनीहरूले उठाएका छन् । त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति प्रा.केदारभक्त माथेमाले नयाँ सरकारको मुख्य जिम्मेवारी आगामी फागुन २१ मा निर्वाचन सम्पन्न गराउने रहेको बताए ।

उनले भने, 'सरकारले दैनिक प्रशासनिक काम त गर्नैपर्छ, किसानलाई मलदेखि जनतालाई नुनसम्म उपलब्ध गराउनु पर्ने जिम्मेवारी पनि छ । त्यसबाहेक प्रदर्शनका क्रममा ध्वस्त भएका संरचनाको पुनःनिर्माणका लागि स्रोत जुटाउन वैदेशिक समुदायसँग समन्वय गर्नुपर्छ ।'

उनले सरकारले मानवीय र भौतिक क्षतिप्रति निष्पक्ष न्यायिक आयोग बनाएर छानबिन गर्नुपर्छ र दोषीलाई कारबाही गर्नुपर्ने बताए । उनले थपे, 'विगतमा यस्ता आयोग गठन भए पनि कारबाही हुन सकेको थिएन, अहिले केही फुटेज बाहिर आएकोले कारबाही गर्न सजिलो छ ।' शिक्षाविद् माथेमाले भ्रष्टाचार अन्त्य र सुशासनका कुरा जेनजीहरुको ठूलो मुद्दा भएकाले वर्तमान सरकारले यसमा पनि काम गर्नुपर्ने बताए । उनले पछिल्लो घटनापछि मानिसमा निराशा र त्रास बढेको उल्लेख गर्दै शान्ति र सुव्यवस्थालाई कायम राख्न प्रहरीको मनोबल उच्च बनाउनुपर्ने पनि सुझाए ।

बुद्धिजीवी मल्ल के सुन्दरले सरकारको मूल दायित्व तोकिएको समयमा निर्वाचन सम्पन्न गराउनु भएको बताए । युवाको आन्दोलनका क्रममा उठेको आवाज, भ्रष्टाचारविरुद्ध र सुशासनका मुद्दालाई सरकारले छोड्नु नहुनेमा उनले जोड दिए ।

राष्ट्रिय मानवअधिकार आयोगका पूर्वसदस्य मोहना अन्सारीले भ्रष्टाचार नियन्त्रण र विधिको शासन कायम गर्नु नयाँ सरकारको मुख्य प्राथमिकता भएको बताइन् ।

उनले भनिन्, 'युवापुस्ताको भविष्य सुनिश्चित हुनुपर्छ, स्वदेशमै अवसर पाउनुपर्छ र विदेश जान बाध्य पार्ने अवस्था अन्त्य हुनुपर्छ । सरकारले स्पष्ट कार्यादेशसहित अधिकारसम्पन्न आयोग गठन गर्नुपर्छ ।'

उनले निर्वाचनका लागि राजनीतिक दल र सरोकार भएका पक्षसँग नियमित छलफल गरी वातावरण तयार गर्नुपर्ने र जोखिममा परेको शान्तिसुरक्षालाई सामान्यीकरण नगरी व्यवस्थापन गर्नुपर्नेमा जोड दिइन् । साथै व्यापार व्यवसाय र लगानीकर्ताको मनोबल वृद्धि गरी वातावरण निर्माण गर्न र मानव अधिकार र विधिको शासन कायम गर्न सरकार लाग्नुपर्ने पनि उनले सुझाव दिइन् ।

### भोट...

नेपालको लोकतान्त्रिक इतिहासमा पहिलो महिला प्रधानमन्त्री हुनु सम्पूर्ण राष्ट्रकै गौरवको विषय भएको बताउँछिन् ।

'नेपालको लोकतान्त्रिक इतिहासमा पहिलो महिला प्रधानमन्त्री हुनु सम्पूर्ण राष्ट्रकै गौरवको विषय हो,' उनले भनेकी छन्, 'महिलाको क्षमता र नेतृत्वप्रति विश्वास जगाउँदै नेपालको लोकतान्त्रिक अभ्यासलाई अझ सुदृढ बनाउन तपाईंको कार्यकाल ऐतिहासिक साबित हुने विश्वास लिएको छु ।' उपसभामुख रानाले संविधानले सुनिश्चित गरेका महिला अधिकार, समावेशिता, न्याय र सुशासनका सवालमा कार्कीको नेतृत्वले मुलुकलाई नयाँ ऊर्जा दिनेछ अपेक्षासमेत राखेकी छन् ।

अर्थात्, नेपालमा महिलाको नेतृत्व विकास क्रमिक रूपमा भएको देखिन्छ ।

२०१० सालमा नगरपालिकाको चुनाव हुँदा महिलाले पहिलोपटक मतदान गर्न पाएका थिए । त्यसअगाडि भएको चुनावमा महिलाले मतदानको अधिकार पाएका थिएनन् ।

संघीय संसद्को संसदीय अभिलेखअनुसार २००४ सालमा नेपालमा चुनाव भएको थियो । जसलाई पहिलो चुनावका रूपमा समेत लिइन्छ । तर त्यो पूर्ण रूपमा जननिर्वाचित, सार्वभौमसत्तायुक्त वा प्रजातान्त्रिक चुनाव थिएन ।

त्यसबेला परामर्शदातृ सभा (एड्भाइजरी एसेम्बली) गठनका लागि चुनाव भएको थियो । राणा शासनविरुद्ध आवाज चर्किरहेका बेला जनस्तरको असन्तोष कम गर्ने उद्देश्यले तत्कालीन काठमाडौं नगरपालिकामा स्थानीय चुनाव भएको थियो । जहाँ पुरुषले मात्रै मतदान गर्ने अधिकार राख्थे । यसलाई नेपालको इतिहासमा अर्ध-चुनाव वा प्रायोगात्मक निर्वाचनका रूपमा समेत लिइन्छ । किनभने सो चुनावको सार्वभौम संसद् गठन गर्ने उद्देश्य थिएन ।

२००७ सालमा राणा शासन अन्त्य भयो र प्रजातन्त्र आयो । त्यसबेलाको आन्दोलनमा महिलालाई मताधिकार दिलाउने एउटा प्रमुख एजेन्डा थियो ।

प्रजातन्त्र आएको तीन वर्षपछि २०१० सालमा नगरपालिकाको चुनाव भयो । जहाँ महिलाले पहिलोपटक जनप्रतिनिधि चुन्ने भनेर भोट हाल्न पाएका हुन् । त्यो नै महिलाको पहिलो मतदान भएको चुनाव थियो । २०१५ सालमा आमनिर्वाचन भयो । सो चुनावलाई नेपालको पहिलो सार्वभौम, लोकतान्त्रिक, बहुदलीय संसदीय चुनाव मानिन्छ । त्यसबेला द्वारिकादेवी ठकुरानीले चुनाव मात्रै जितिनन्, मन्त्री पनि बनिन् ।

अर्थात्, महिलाले मताधिकार प्रयोग गर्न पाएको पाँच वर्षभित्रै ठकुरानीले २०१५ सालमा पहिलो महिला सांसद र पहिलो महिला मन्त्रीको इतिहास रचिन् । त्यसयताको सात दशकमा सहभागिता र प्रभाव बढ्दै जाँदा महिला प्रधानन्यायाधीश, सभामुख र राष्ट्रपति हुँदै हाल कार्यकारी प्रमुख प्रधानमन्त्रीमा सुशीला कार्की छिन् ।

२०७३ सालमा कार्की नै पहिलो महिला प्रधानन्यायाधीश बनेकी थिइन् ।

पहिलो महिला सभामुखमा ओनसरी घर्तीले नाम लेखाइन् । घर्ती ३० असोज २०७२ मा सभामुख बनेकी थिइन् । सोही वर्ष कात्तिक ११ गते पहिलो महिला राष्ट्रपतिमा विद्यादेवी भण्डारी निर्वाचित भएकी थिइन् । भण्डारीले दुई कार्यकाल राष्ट्रपतिका रूपमा मुलुकको अभिभावकको भूमिका निर्वाह गरिन् ।

२०८२ सालमा कार्कीले पहिलो प्रधानमन्त्री बनेर इतिहास रचिन् । यसका निम्ति विगतमा महिलाहरूले अनेक संघर्ष गरेका छन् ।

पञ्चायती व्यवस्थाविरुद्ध महिलाहरूले समेत लडेका थिए । २०४६ सालमा प्रजातन्त्र पुर्नबहाली हुनेगरी भएको जनआन्दोलनमा महिलाहरूको उल्लेख्य सहभागिता र नेतृत्वदायी भूमिका रहेको थियो । २०६२/६३ सालको जनआन्दोलनमा महिलाले महिलालाई आरक्षणसहितको अधिकारका लागि लडे । लगत्तै महिलाका लागि राज्यका हरेक निकायमा ३३ प्रतिशत सहभागिता सुनिश्चित गर्ने कार्य अगाडि बढ्यो । २०७२ सालमा जारी संविधानले यसलाई संवैधानिक व्यवस्थाका रूपमा स्थापित गरेको छ ।

स्थानीय तहको प्रमुख र उपप्रमुखमध्ये एक जना महिला हुनुपर्ने, सभामुख र उपसभामुखमध्ये एक जना महिला हुनुपर्ने, कर्मचारी तन्त्रलगायतका राज्यका निकायमा ३३ प्रतिशत महिला हुनुपर्नेलगायतका प्रावधान कार्यान्वयनमा छ ।

### नापीका...

त्यसै फर्किने गरेका छौं,' एक कर्मचारीले भने, 'जलेर खरानी भएका दस्तावेज हेर्नेबाहेक अरू काम छैन ।'

अहिले आगजनीमा भएको क्षतिको विवरण संकलन भइरहेको छ । क्षतिको मूल्यांकन भएपछि सरसफाइ गरेर सम्भव सेवा सुरु गर्ने तयारी छ । नापी कार्यालयले मुख्यतः जग्गाधनी प्रमाणपुर्जा (लालपुर्जा)सम्बन्धी सेवा, नाप-नक्सा उपलब्ध गराउने, नामसारी गर्ने, विवाद समाधान गर्ने र अभिलेख सुरक्षित राख्ने कार्य गर्छ । जग्गाको खरिद-बिक्री, उपहार, वंश परम्परा, दान वा अन्य कारणले जग्गाधनी नामसारी गरिदिन्छ । यस्तै, हराएको वा बिग्रिएको लालपुर्जा पुनः प्राप्त गर्न पनि नापी कार्यालय नै जानुपर्छ । यससँगै, जग्गा टुक्र्याउँदा वा जोड्दा नक्सा सच्याउने, अतिक्रमण वा सिमाना विवाद हुँदा नापजाँच गरी प्रतिवेदन तयार गर्ने काम पनि नापी कार्यालयकै जिम्मेवारीभित्र पर्ने अमिन निराजन भण्डारी बताउँछन् । अदालतमा मुद्दा परेको अवस्थामा प्रमाणका लागि प्राविधिक प्रतिवेदन उपलब्ध गराउने, सरकारी निकायलाई जग्गासम्बन्धी सूचना दिने तथा आवश्यक राजस्व संकलन गर्ने कार्यसमेत यसै कार्यालयले गर्छ । तर आन्दोलन भड्किएर आगजनी भएपछि नापी कार्यालयले दिने यी सबै सेवा ठप्प छन् ।

आन्दोलनकारीले कार्यालयभित्र पसेर गरेको तोडफोड र आगजनीका कारण महत्वपूर्ण दस्तावेज र सर्भर जलेर नष्ट भएको नापी प्रमुख दिनेशकुमार भण्डारीले बताए । उनका अनुसार, कार्यालयका २२ वटा कम्प्युटर र प्रिन्टर जलेर नष्ट भएका छन् । कार्यालयमा भएको मोटरसाइकल र कारसमेत जलाइए । भवनसँगै सम्पूर्ण स्रेस्ता र जिन्सी सामग्री जलेर नष्ट भएकाले तत्कालै सेवा प्रवाह गर्न सक्ने अवस्था नरहेको भण्डारी बताउँछन् । 'अहिले क्षति मूल्यांकन हुँदै छ । त्यसपछि सरसफाइ गरेर कसरी सेवा सुरु गर्ने छलफलमा छौं । दसैंअघि सेवा दिन मुस्किल छ,' उनले भने । नापी कार्यालयमा हाल २५ जना कर्मचारी कार्यरत छन् ।

जग्गा नापजाँचसम्बन्धी अधिकांश प्राविधिक काम कागजमै हुने भएकाले कागज पूर्ण रूपमा जलेर नष्ट हुँदा कसरी सेवा सुचारु गर्ने अन्योल कायमै छ । कार्यालयका विवरण नापी विभागसँग रेकर्ड नभए जग्गासम्बन्धी कार्य शून्यबाट सुरु गर्नुपर्ने स्थिति आउने भण्डारी बताउँछन् ।

नापीमा रहेका २०२९ सालयताका सबै कागजात जलेर नष्ट भएको हुँदा पुनः शून्यबाट काम सुरु गर्नुपर्ने अवस्था आएको उनले बताए । पुराना नक्साका कागजात बनाउन वर्षौं लाग्ने उल्लेख गर्दै नापी प्रमुख भण्डारीले भने, 'नक्सा र कागजात तयार गर्न जनताले निकै सास्ती खेप्नुपर्ने हुन सक्छ,' उनले भने, '२०२८/२९ सालयताका नक्सासम्बन्धी भएका सबै स्रेस्ता जलेर खरानी बनेका छन् । अब ती कागजात तयार गर्न २०/२५ वर्ष लाग्छ । त्यतिबेलासम्म जनताले दुःख पाउने भए ।' विभागमा डाटाहरू सुरक्षित भेटिएमा भने अहिलेको स्थितिबाट उठ्न सहज हुने भण्डारीले बताए ।

### साढे...

६५ लाख बढी क्षति भएको छ ।' यति ठुलो क्षति भए पनि तत्काल सेवा सुचारु गर्न आवश्यक बजेट भने आफूहरूसँग नभएको उनले बताए । भण्डारीले भने, 'हामीसँग कुनै बजेट छैन । सेवा सुचारु गर्न विभागसँग बजेटको माग गरेका छौं ।'

### युएईले....

युएईले भिसा जारी गर्ने ट्राभल्स एजेन्सीहरूलाई आन्तरिक सर्कुलर जारी गरेर नेपाली नागरिकको भिजिट भिसा आवेदन लिन रोकेको बताइएको छ ।

नेपाल युएईले कामदार लिने प्रमुखमध्येको स्रोत मुलुक हो । हाल युएईमा ४ लाख बढी नेपाली कामदार कार्यरत रहेका छन् । मासिक १२ हजारभन्दा बढी कामदार युएई जाने गरेका छन् ।

पछिल्लो समय नेपाल र युएईबीच प्रोटोकल बनाएर घरेलु महिला श्रमिकका लागि समेत बाटो खोल्ने विषयमा छलफल भइरहेको छ । घरेलु कामदार लैजाने विषयमा छलफल चलिरहेको अवस्थामा वातावरण बिग्रिने गरी वर्किङ भिसामा प्रतिबन्ध नलाग्ने कतिपय व्यवसायीहरूको भनाइ छ ।

युएईले वर्किङ भिसामा प्रतिबन्ध लगाए कतारले तत्कालै त्यसलाई अनुशरण गर्ने र त्यो क्रम नेपाली कामदार जाने सम्पूर्ण खाडी मुलुकमा पर्ने जोखिम रहेको कतिपय व्यवसायी बताउँछन् ।

### क्यारेफोर....

क्रमशः सेप्टेम्बर १४ र सेप्टेम्बर १६ देखि बन्द हुने बताएको छ ।

यसअघि यस कम्पनीले नोभेम्बर २०२४ मा जोर्डन र जनवरी २०२५ मा ओमानमा आफ्ना सुपरमार्केट बन्द गरेर हाइपरम्याक्स सञ्चालनमा ल्याएको थियो ।

बहराइन र कुवेतमा पनि यस्तै नयाँ ब्रान्ड सुरु हुने अपेक्षा गरिएको छ । सन् १९९५ देखि मध्यपूर्व, अफ्रिका र एसियाका १२ देशमा क्यारेफोर ब्रान्ड सञ्चालन गर्ने विशेष अधिकार भएको माजिद अल फुतैमले २०२४ मा निश्चित देशहरूबाट क्यारेफोर हटाउँदै हाइपरम्याक्स ब्रान्ड सुरुवात गरेको छ ।

### सुस्त...

बढेकै देखिन्छ तर किन्ने भन्दा चहार्ने धेरै छन्, व्यापार कम छ ।' दसैंको मुखमा खुद्रा व्यापारी पनि सामान लिन नआएको व्यवसायी उनी बताउँछन् । उनका अनुसार दसैंको टीका आउन अझै १५ दिन बाँकी रहेको हुनाले पनि ग्राहकले अति आवश्यक भए मात्र किन्ने गरेका छन् ।

यस्तै, महाबौद्धमा किनमेल गर्न आएकी रश्मि पाण्डेले सुनाउँछिन्, 'बजारमा वस्तुको मूल्य बढेको छ । नयाँ डिजाइनका कपडासमेत निकै कम छन् । एकजोर कपडा किन्न धेरै पसलमा खोजी गरें तर सस्तो र मनपर्ने कपडा भेटिँदैन ।'

असनका खाद्यान्न व्यापारी दीपेन्द्र तुलाधर खाद्यान्न व्यापारसमेत ह्वात्तै घटेको बताउँछन् । उनी भन्छन्, 'किनमेल कम गर्नेको संख्या कमै छ । यस्तै हो भने अब व्यापार गरेर टिक्ने धेरै गाह्रो छ ।'

प्रभावकारी अनुगमन नहुँदा बजार महँगिदै गएको किनमेल गर्न आएका रमेश क्षेत्री गुनासो छ । आन्दोलनपछि बजारमा सरकारी निकायको उपस्थिति छैन । भूकम्प, कोरोना महामारी, आर्थिक मन्दीलाई पार गर्दै बजार तंग्रिन खोजिरहेको अवस्था भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनपछि भएको क्षति र सरकार परिर्वतनको असर बजार देखिएको छ । व्यवसायीको वर्ष दिनमा कमाउने मुख्य सिजनअघि भएको आन्दोलनको प्रवाह अहिले बजारमा देखिन्छ ।



जेनजी आन्दोलनका क्रममा आगजनी गरिएका विभिन्न सरकारी कार्यालयका सवारीसाधन बुधबार नयाँ बानेश्वरस्थित आगजनीमा परेको संघीय संसद् भवनको पार्किङ क्षेत्रमा राख्न लगिँदै । *तस्बिर : रासस*

# जलेका सवारीसाधन व्यवस्थापन गर्न मन्त्री घिसिङको निर्देशन

**काठमाडौं/मस–** ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक योजना तथा यातायात र सहरी विकासमन्त्री कुलमान घिसिङले जेनजी प्रदर्शनका क्रममा सिंहदरबार परिसरमा जलाइएका सवारीसाधनलाई अन्यत्र लगी व्यवस्थापन गर्नुपर्ने बताएका छन् ।

जलेका सवारीसाधनका कारण सिंहदरबार परिसर कुरुप देखिएकाले तिनलाई त्यहाँबाट हटाएर अन्यत्र लगी व्यवस्थापन गर्न उनले बुधबार निर्देशन दिएका मन्त्री घिसिङको सचिवालयले जनाएको छ ।



'कार्यालयलाई थोत्रो देखाएर राख्नुभएन, भित्री भागमा काम गर्दै गरौँला तर बाहिरी भागलाई कुरुप हुन दिनुभएन, यथासक्य छिटो राम्रो बनाऔँ । क्षति पुगेका सवारीसाधन यत्रतत्र छरिएर सिंहदरबार परिसर कुरुप देखिएको छ, अब सकारात्मक सन्देश दिन पनि तिनीहरूलाई तत्काल हटाएर व्यवस्थापन गरौँ' मन्त्री घिसिङले भने ।

उनले विनासबाट हामी उठ्यौँ भन्ने सन्देश दिन सामान्य अगलागी मात्र भएका भवनका बाहिर भागमा रङरोगन गर्ने, मन्त्रालय तथा कार्यालय परिसरमा आगलागीबाट क्षति भएका सवारीसाधन तुरुन्त हटाउने र क्षतिको मूल्याङ्कन तत्काल गर्ने काममा जुट्न निर्देशन दिए ।

मन्त्री घिसिङले 'हाम्रा संरचना हामी आफैँ बनाऔँ' अभियानमार्फत सरकार, स्वदेश तथा विदेशमा रहेका नेपालीबाट सहयोग संकलन गरी पुनर्निर्माण सुरु गरिने स्पष्ट गरे ।

सहरी विकास मन्त्रालयले मातहतका संरचनमा पुगेको क्षति यकिन गर्न कार्यदल गठन गरी काम सुरु गरिसकेको जनाएको छ ।

प्रहरी अस्पताल निरीक्षण

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङ र गृहमन्त्री ओमप्रकाश अर्यालले महाराजगञ्जस्थित नेपाल प्रहरी अस्पतालमा पुगेर घाइतेहरुको स्वास्थ्य अवस्थाबारे जानकारी लिएका छन् ।

उनीहरुले बुधबार बेलुका त्यहाँ पुगेर अस्पतालको निरीक्षणसँगै गत भदौ २३ र २४ गते जेनजीले गरेको प्रदर्शनका क्रममा घाइते भएकाहरुको स्वास्थ्य अवस्थाबारे जानकारी लिएका हुन् ।

हाल सो अस्पतालमा १६ प्रहरी र एक जना सर्वसाधारण घाइतेको उपचार भइरहेको छ । जेनजीले गरेको प्रदर्शनका क्रममा हालसम्म ७४ जना युवाको मृत्यु भएको छ ।

यस्तै मन्त्री घिसिङ र गृहमन्त्री अर्यालले ललितपुर-१८ भैँसेपाटीस्थित मन्त्री निवासको अवलोकन गरेका छन् । गत भदौ २४ गते 'जेनजी' प्रदर्शनका क्रममा मन्त्री आवासमा आगजनी भएको थियो । मन्त्री घिसिङले अवलोकनपछि तत्काल निर्माण गर्न सकिने संरचनाका लागि काम सुरु गर्ने प्रतिबद्धता जनाए ।

उनले भने, 'मन्त्री निवासमा ठूलो क्षति भएको छ । अहिले हामी क्षतिको विवरण संकलन गर्दैछौँ, प्रक्रियागत रुपमा सबै हिसाबले अघि बढिरहेका छौँ ।'

भैँसेपाटीस्थित ९६ रोपनी १० आना क्षेत्रफलमा संघीयमन्त्री, राष्ट्रियसभाका अध्यक्ष र उपाध्यक्ष तथा प्रतिनिधिसभाका उपसभामुखका लागि बनेका २७ वटा अत्याधुनिक सुविधा सम्पन्न भवन पूर्ण रूपमा जलेका छन् ।

यस्तै, २७ रोपनी १२ आना क्षेत्रफलमा सातै प्रदेशका प्रदेश प्रमुख र मुख्यमन्त्रीका लागि बनेका सम्पर्क कार्यालयमा पनि आगजनी भएको छ । हाल भैँसेपाटीस्थित ती संघीय मन्त्री आवास र प्रदेश सम्पर्क कार्यालय क्षेत्रमा नेपाली सेनाले सुरक्षा व्यवस्था कडा पारेको छ । आवास क्षेत्रमा बस्ने परिवारका सदस्यलाई मात्र परिचयपत्र देखाएर प्रवेश दिइएको छ ।

# बागमतीका सभामुख पाठकले दिए राजीनामा

**काठमाडौं/मस–** बागमती प्रदेश सभाका सभामुख भुवनकुमार पाठकले पदबाट राजीनामा दिएका छन् । उनले बुधबार उपसभामुख अप्सरा चापागाईंसमक्ष राजीनामा बुझाएका हुन् ।



जेनजी आन्दोलनका क्रममा उनले भदौ २४ गते नै सामाजिक सञ्जालबाट राजीनामा घोषणा गरेका थिए ।

पाठकले राजीनामा पत्रमा लेखेका छन्, 'गत भदौ २३ गते जेन जी को भ्रष्टाचारको विरुद्ध र सुशासनको पक्षमा भएको प्रदर्शनको क्रममा अस्वाभाविक बल प्रयोगबाट राष्ट्रवादी नेपालीहरूले अनाहकमा सहादत प्राप्त गरे पछि म अत्यन्त भावविव्हल भएँ । राष्ट्र रोएको बेला नेपाली जनताको चाहना र युवा पुस्ताको भावना विपरीत पदमा बसिरहनु सर्वथा अनुचित हुन्छ भन्ने अन्तर आत्ममा लाग्यो र भाद्र २४ गते नै सामाजिक सञ्जालबाट राजीनामा गर्ने घोषणा गरेँ । तर प्राविधिक कारणले कानुनी प्रकृया पुरा गर्न अनुकूल भएन । आज नेपालको संविधान र प्रदेश सभा नियमावली २०७४ बमोजिम बागमती प्रदेश सभाको सभामुख पदबाट राजीनामा गरेको छु ।'

# आवधिक निर्वाचन तोकिएकै मितिमा हुनुपर्छ : डा. भट्टराई

**काठमाडौं/मस–** पूर्वप्रधानमन्त्री डा.बाबुराम भट्टराईले आवधिक निर्वाचन तोकिएकै मितिमा हुनुपर्ने बताएका छन् ।



बहुदलीय लोकतन्त्रमा आवधिक निर्वाचन प्रतिष्पर्धी, स्वतन्त्र र निष्पक्ष ढंगले हुनुपर्ने भन्दै उनले लोकतन्त्रको खम्बालाई कति पनि कमजोर पार्न नहुने बताए । उनले तोकिएकै मितिमा निर्वाचन गराउन राजनीतिक दलहरूले भूमिका खेल्नुपर्ने आवश्यकता औंल्याए ।

भट्टराईले पुराना दलहरू नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा (माओवादी केन्द्र) र राष्ट्रिय प्रजातन्त्र पार्टीले आफूलाई पुनः संरचना गर्नेमा आशंका रहेको बताए । उनका अनुसार पुराना पार्टीहरूमा अझै पनि पुराना नेताहरूको उकुसमुकुस कायमै छ । आगामी दिनमा एउटा वृहत खालको राजनीतिक पुनः संरचना हुनुपर्ने जरुरी देखिएको उनले उल्लेख गरे ।

नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) का अध्यक्ष समेत रहेका भट्टराईले २८ वर्ष भन्दा मुनिका युवाहरूले दबाब सिर्जना गरे राजनीतिक पुनः संरचना सम्भव रहेको जिकिर गरे ।

उनले भने, 'बहुदलीय लोकतन्त्रमा आवधिक निर्वाचन प्रतिष्पर्धी, स्वतन्त्र र निष्पक्ष ढंगले गराउने मुख्य आधार हो । लोकतन्त्रको खम्बालाई हामीले कति पनि कमजोर पार्न दिनु हुँदैन । निश्चित मितिमै चुनाव गर्नुपर्छ। त्यसको निम्ति दलहरू चाहिन्छन् । पुराना दलहरू कांग्रेस, एमाले, माओवादी, राप्रपाको पुनः संरचना हुन्छ जस्तो मलाई लाग्दैन । त्यहाँ जसरी आवाज उठिरहेको छ, चौथो नाती पुस्ता आइसक्यो । त्यहाँका नेताहरूको जुन उकुसमुकुस छ, मेरो अनुमान आगामी दिनमा एउटा बृहत् खालको राजनीतिक पुनः संरचना हुन्छ । त्यसो हुन सक्छ । जेन जी भन्ने २८ वर्ष भन्दा मुनिका युवाहरूले दबाब बनाइरहे राजनीतिक पुनः संरचना सम्भव छ । कहिलेकाहीँ भुईंको टिप्छु भन्दा पोल्टाको पनि खस्छ, त्यसमा मैले सतर्क गराउँदै आएको पनि छु ।'

यसैबीच अन्तरिम सरकारले आगामी फागुन २१ गते प्रतिनिधि सभाको निर्वाचनको मिति तोकेको छ । तर प्रमुख राजनीतिक दलहरूले भने प्रतिनिधि सभा विघटनलाई गलत रहेको दाबी गर्दै आएका छन् ।

# भौतिक संरचनामा क्षति भएपछि नगर सेवा बन्द

**कञ्चनपुर/मस–** जेनजी प्रदर्शनका क्रममा भएको आगजनी र तोडफोडका कारण क्षति पुगेपछि शुक्लाफाँटा नगरपालिकामा कार्यसञ्चालन हुन सकेको छैन । प्रदर्शनकारीले नगरपालिकाको प्रशासकीय भवनका साथै १२ वटै वडा कार्यालयमा तोडफोड गरी सामग्रीमा आगो लगाएपछि नियमित कार्यसञ्चालनमा समस्या भएको हो ।

तोडफोड गरिएका, आगजनी गरी जलाइएका संरचना तथा सामग्रीको क्षतिको मुचुल्का तयार गर्न, मूल्यांकन गर्न, सरसफाइ गर्न समय लाग्ने भएकाले कार्यालय सञ्चालन हुन नसकेको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खेमराज विष्टले बताए ।

उनका अनुसार प्रदर्शनकारीले वडा नं १, ४ र ७ भवनमा आगो लगाएर नोक्सानी गरेका छन् भने कार्यालयभित्रका महत्वपूर्ण कागजपत्र, फर्निचर, कम्प्युटर, पंखा, एसी, प्रिन्टरलगायत सामग्री जलाएका छन् ।

सेवाग्राहीले बुझाएको राजश्वबापतको रकम, ल्यापटपसहित हात्ती प्रभावित क्षेत्रमा वितरणका लागि राखिएका टर्चलगायत सामग्री लुटेर लगेका वडाका कर्मचारीको भनाइ छ । नगरपालिकामा हालसम्म वडा नं १० ले वैकल्पिक व्यवस्थासहित स्वास्थ्य कार्यालयको बरण्डाबाट आंशिक रूपमा सेवा दिन सुरु गरेको छ । नगरको नियमित कार्यसञ्चालनमा ल्याउनका लागि एकसाता लाग्ने अधिकृत विष्टले बताए ।

यसैगरी, कृष्णपुर नगरपालिले क्यान्टिनबाट सेवा सञ्चालनको तयारी गरेको छ । पुर्नवास नगरपालिकामा पनि आगजनी र तोडफोडबाट क्षति पुगेकाले कार्यालय सञ्चालन हुन सकेको छैन ।

# सिरहामा क्षति भएका प्रहरी युनिट पुनस्थापना



**सिरहा/मस–** जेनजी पुस्ताको प्रदर्शनका क्रममा क्षति भएका यहाँका प्रहरी युनिट पुनः आफ्नो नियमित सेवामा फर्कन थालेका छन् ।

जिल्ला प्रहरी कार्यालयका अनुसार प्रदर्शनको दौरान क्षतिग्रस्त भएका १४ प्रहरी युनिटमध्ये १२ वटालाई पुनःसञ्चालनमा ल्याइएको छ । बाँकी रहेका फुलबरिया र बाह्रबिघा अस्थायी प्रहरी बिटहरू चाँडै पुनःस्थापना गरिने जनाइएको छ । प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक वीरेन्द्रकुमार पासवानका अनुसार, हालसम्म इलाका प्रहरी कार्यालय गोलबजार, नरहा, विष्णुपुर, कल्याणपुर, प्रहरी चौकी बेल्हा, लगडीगोठ, लगडी गदियानी, सन्हैठा, औरही, हरकट्टी, र लहान प्रहरी बिट पुनः सञ्चालनमा ल्याइएका हुन् ।

उनका अनुसार, प्रदर्शनको क्रममा आठ वटा प्रहरी चौकीमा तोडफोड र १० वटा चौकीमा आगजनी भएको थियो । त्यसैगरी, प्रहरीले प्रयोग गर्दै आएका तीन वटा चारपाङ्ग्रे र ६ दुई पाङ्ग्रे सवारीसाधन क्षतिग्रस्त भएका छन् । तीन वटा मोटरसाइकल पूर्ण रूपमा जलेका छन् भने तीन सञ्चार सेटहरूमा पनि क्षति पुगेको छ । यसक्रममा नौ जना प्रहरी सामान्य घाइते भएका थिए ।

पुनःस्थापित युनिटहरूमा प्रहरी टोली पुगेसँगै स्थानीय जनप्रतिनिधि र नागरिकहरूले फूलमालासहित स्वागत गरेका छन् । सुरक्षाको अनुभूति र जनसहभागिता दुवै पुनः स्थापना भएसँगै प्रशासनलाई उत्साहित बनाएको छ। प्रहरी नायब उपरीक्षक पासवानले भने, 'प्रहरी युनिटहरूलाई सशक्त र जनमैत्री बनाउँदै लैजाने हाम्रो लक्ष्य हो । स्थानीय तह र समुदायको साथमा हामी शान्ति, सुरक्षाको वातावरण मजबुत बनाउँदै छौँ ।'

# नयाँ बसपार्कमा यात्रुको घुइँचो बढ्दै

**काठमाडौं/मस–** काठमाडौंको गोँगबुस्थित नयाँ बसपार्कमा यात्रुको घुइँचो लाग्न थालेको छ । नेपालीको महान् पर्व विजयादशमी तथा तिहार नजिकिँदै गर्दा नयाँ बसपार्कमा यात्रुको घुइँचो लाग्न थालेको हो ।



गत भदौ २३ र २४ गते भएको 'जेनजी' द्वारा गरिएको प्रदर्शनका कारण त्रिभुवन विश्वविद्यालय र त्यसअन्तर्गतका क्याम्पस बिदा भएपछि विद्यार्थी गृहजिल्ला जान थालेका छन् । नयाँ बसपार्कमा सञ्चालित लोत्से बहुउदेश्यीय प्रालिका मानव संशाधन प्रमुख पङ्कज मल्लले नयाँ बसपार्कमा यात्रुको घुइँचो बढ्न थालेको बताए । उनका अनुसार यातायात व्यवस्था विभागमा मंगलबार बसेको सरोकार भएका निकायको बैठकले यसवर्ष दसैँका लागि अग्रिम टिकट नखोल्ने निर्णय गरेको छ ।

मल्लले यसअघि दैनिक चारदेखि पाँच हजार यात्रु बसपार्कबाट बाहिरिने गरेकामा अहिले सो सङ्ख्या बढेर १२ देखि १५ हजार पुगेको जानकारी दिए । उनका अनुसार जेनजी' का प्रदर्शनका कारण अवरुद्ध बनेको सार्वजनिक यातायाता सञ्चालनमा आएपछि उपत्यका छोडेर गृहजिल्ला जानेको संख्या ६५ हजार भन्दाबढी पुगेको छ । नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका वरिष्ठ उपाध्यक्ष सरोज सिटौलाले नयाँ बसपार्कमा अहिलेदेखि यात्रुको भीड लाग्न थालेकाले यसवर्ष दसैंमा गृहजिल्ला जाने यात्रुको संख्यामा कमी आउनसक्ने धारणा राखे । नयाँ बसपार्कबाट हाल देशभरका ६५ भन्दा बढी जिल्लामा सार्वजनिक यातायात ओहोरदोहोर गर्दै आएका छन् । सरकारले दसैंको समयमा सार्वजनिक यातायातलाई व्यवस्थित बनाउने उद्देश्यले यही असोज ६ गते (घटस्थापना) देखि असोज २२ गतेसम्म नेपालभर लागू हुनेगरी रुट परमिट खुला गरेको छ ।

### उपत्यकाका १५ स्थानमा यात्रु सहायता कक्ष

नजिकिँदो चाडपर्वमा उपत्यका बाहिर जाने यात्रुको सहजतालाई लक्षित गरी ट्राफिक प्रहरीले काठमाडौं उपत्यकाको १५ स्थानमा यात्रु सहायता कक्ष स्थापना गर्ने भएको छ । ट्राफिक प्रहरीले सिप्रदी र नाडाको सहयोग तथा काठमाडौं महानगरपालिकाको सहकार्यमा काठमाडौं उपत्यकाभित्रका यात्रु सहायता कक्ष स्थापना गर्न लागेको उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख, प्रहरी वरिष्ठ उपरीक्षक नवराज अधिकारीले जानकारी दिए ।

उनका अनुसार नयाँ बसपार्क, नागढुंगा, कलंकी, स्वयम्भू, हलचोक, माछापोखरी, चावहिल, तिलगंगा, कोटेश्वर, जगाती, सातदोबाटो, बल्खु, दक्षिणकाली, सुन्धारा र साँगामा यात्रु सहायता कक्ष स्थापना गर्न लागिएको हो । उक्त स्थानको यात्रु सहायता कक्ष आजदेखि सञ्चालनमा आउनेछ । 'यात्रुको सहज आवतजावत, सवारी चाप व्यवस्थापन तथा चाडपर्वलाई दुर्घटनारहित बनाउने उद्देश्यले यातायात व्यवसायीको सहभागितामा यात्रु सहायता कक्षको स्थापना गर्न लागिएको हो' उनले भने ।

यात्रु सहायता कक्षमा खटिएको यातायात व्यवस्था विभाग, ट्राफिक प्रहरी र व्यवसायीसहितको टोलीले तोकिएको भाडादरभन्दा बढी भाडा लिए-नलिएको, लामो दूरीका सवारीसाधनमा दुईजना चालक भए-नभएको जाँच गर्ने नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका अध्यक्ष विजयबहादुर स्वाँरले जानकारी दिए । यस्तै, यात्रु सहायता कक्षले प्रत्येक टिकट काउन्टरमा भाडादर टाँस्न लगाउनेछ । सवारीसाधनको क्षमताभन्दा बढी यात्रु राख्ने, टिकटमा कालो बजारी गर्ने र यात्रुलाई गन्तव्यमा नपुर्याई बाटोमै अलपत्र पार्नेजस्ता कार्यको निगरानी गरिने ट्राफिक प्रहरीले जनाएको छ ।

मध्यान्ह
www.madhyanhadaily.com

२ असोज २०८२ बिहीबार
18 September 2025 Thursday

सम्पादकीय

## मूल्यवृद्धि नियन्त्रण गर

चाडपर्वको मुखैमा हामी शोकमा डुब्यौं, मुलुकले ठुलो क्षति बेहोर्नुपऱ्यो । जेनजी विद्रोह र लगत्तै भड्किएको हिंसा सम्हालिँदै छ । तर दसैं नजिकिँदै जाँदा बजार भाउ भने छोइसाध्य छैन । दैनिक उपभोग्य वस्तुहरूको मूल्य अकस्मात् अकासिनुका पछाडि जेनजी आन्दोलनलाई कारण बताइएको छ । बजारमा तरकारी, चामल, तेल र फलफूलको मूल्य ३० देखि ४० प्रतिशतसम्म बढेको छ । दसैं बजारमा उत्साह छैन । भर्खरै अन्तरिम सरकार बनेको र बजार नियमन गर्ने निकास सक्रिय नरहेको मौका छोपेर भइरहेको कालोबजारी र अस्वाभाविक मूल्यवृद्धिले आमउपभोक्ता मारमा परेका छन् ।

व्यापारीहरूले दैनिक उपभोग्य वस्तु र दसैं बजारमा भएको चर्को मूल्यवृद्धिको कारण भर्खरैको जेनजी आन्दोलन र केही समयअघिको बाढीपहिरोले तातोपानी बन्द हुनुलाई औंल्याएका छन् । तर, त्यो पत्यारिलो देखिँदैन । बजार भाउ स्थिर र पारदर्शी दुवै छैन । बजारमा अनुगमन गर्ने निकायको उपस्थिति छैन । सरकारी कार्यालयमा भएका तोडफोड र आगजनीले कर्मचारीको मनोबल घटेको छ । नियमित अनुगमन नभइरहेको मौकाको फाइदा उठाएरै बजारमा एकाएक मूल्यवृद्धि गरिएको हो । त्यसको मारमा उपभोक्ता परेका छन् । उदाहरणका लागि गोलभेंडाको मूल्य केही दिनमै ७० बाट १०० सम्म पुगेको छ । काउली, गाजर, साग, कागती, लौका, खुर्सानीजस्ता मौसमी तरकारीमा समेत प्रतिकिलो ३०–५० रूपैयाँसम्म वृद्धि भएको छ । फलफूलको भाउ उस्तै छोइसाध्य छैन । चाडपर्वमा धेरै माग हुने खाद्य सामग्री र लत्ताकपडामा पनि उत्तिकै मूल्यवृद्धि भएको छ ।

त्यसो त, चाडपर्वमा मौसमी नै भए पनि बजार अनुगमन हुँदै आएको छ । तर प्रभावकारी अनुगमन र मूल्य नियन्त्रण नहुँदा आमउपभोक्ताको ढाड सेकिएको छ । उपभोग्य वस्तुहरूमा व्यापक र छिटो मूल्यवृद्धि हुनुका पछाडि आपूर्ति समस्या मात्र कारण देखिँदैन । सरकारी उदासीनता र बजार नियन्त्रण प्रणालीको असफलताका पनि अर्को कारण हो । त्यसैले भर्खरै गठन भएको अन्तरिम सरकारले तत्कालै कडाइका साथ बजार अनुगमन गर्नुपर्छ । मूल्यसूची पारदर्शी बनाउने र कृत्रिम अभाव सिर्जना गर्नेलाई कारबाही गर्नुपर्छ । तब मात्र आमउपभोक्ताको विश्वास पुनर्स्थापित हुन सक्छ । दलीय सरकार विस्थापनपछि आन्दोलनको बलमा शान्तिसुरक्षा, सुशासन र सुव्यवस्थाको अपेक्षासहित बनेको सरकारले आमनागरिकको मन जित्न पनि बजार नियन्त्रण गर्नुपर्छ ।

# आर्थिक संकट र नयाँ अर्थमन्त्रीको कार्यभार

*रामेश्वर खनाल अर्थमन्त्रीका रूपमा आउँदै गर्दा नेपालको अर्थतन्त्रले बहुआयामिक चुनौतीको सामना गरिरहेको छ । यद्यपि, विगतमा सरकारमा नगए पनि अर्थतन्त्रलाई कसरी लयमा फर्काउने भन्ने सुझाव दिने पात्रका हिसाबले खनालले अहिलेको अवस्थालाई पनि पार लगाउँछन् भन्ने आशा गर्न सकिन्छ ।*

अग्रलेख



● शंकरमान सिंह

नवनियुक्त अर्थमन्त्री रामेश्वर खनाल एक अनुभवी अर्थशास्त्री हुन्, जसले करिब तीन दशकसम्म अर्थ र सहकारी क्षेत्रमा उच्च तहमा काम गरेका छन् । उनी अर्थतन्त्रका सिद्धान्त, व्यवहार, कर नीति, मौद्रिक नीतिका साथै नेपाली समाजलाई गहिरो रूपमा बुझेका व्यक्ति हुन् । पाल्पामा जन्मिएर त्यहीँ पढेका उनी विद्यार्थीकालदेखि नै अत्यन्त जेहेन्दार थिए । उनले नेपालमै बसेर पढे, निजामती सेवामा जागिर खाए र विदेश गएनन् । अर्थतन्त्रका सिद्धान्त, व्यवहार, कर नीति, मौद्रिक नीतिका साथै नेपाली समाजलाई जरैदेखि बुझेका व्यक्ति भएको कारण उनको नेतृत्वले मुलुकको हालको विकराल अर्थतन्त्रलाई सही ट्र्याकमा ल्याउन सक्ने सम्भावना रहेको विश्वास गर्न सकिन्छ ।

धेरैपछि वा सम्भवतः पहिलोपटक कुनै राजनीतिक दलको आबद्धता वा सिफारिसबिना गैरराजनीतिज्ञ अर्थमन्त्री नियुक्त भएको महसुस हुन्छ । विगतका अधिकांश अर्थमन्त्रीहरू कुनै न कुनै राजनीतिक दलसँग आबद्ध देखिन्थे । उनको अन्तर्राष्ट्रिय सम्बन्ध राम्रो छ र राष्ट्रिय पुँजीपतिहरूले पनि उनलाई विज्ञका रूपमा सम्मान गर्दै आएका छन् । निजी क्षेत्रले उनको भनाइ र गराइमा विमति राख्दैनन् ।

उनी सचिव हुँदा नक्कली भ्याट काण्ड उजागर गरी कानुनी दायरामा ल्याएका थिए । सेयर लगानीकर्ताहरूको दबाबका बेला 'कारोबार नखोली वार्ता नगर्ने' अडान लिएर बजार अनुशासन बढाए । अर्थ सचिवको कार्यकालमा सिडिएससी स्थापनामा उनले महत्वपूर्ण भूमिका खेले ।

खनाल अर्थमन्त्रीका रूपमा आउँदै गर्दा नेपालको अर्थतन्त्र विभिन्न बहुआयामिक चुनौतीहरूको सामना गरिरहेको छ । जसको निरूपण खोजिनु अनिवार्य छ । विगतमा सरकारमा नगए पनि अर्थतन्त्रलाई कसरी लयमा फर्काउने भन्ने सुझाव दिने पात्रका हिसाबले खनालले अहिलेको अवस्थालाई पनि पार लगाउँछन् भन्ने आशा गर्न सकिन्छ ।

हालैका आन्दोलन र हिंसाका घटनाहरूले सरकारी संरचनाको व्यापक विनाश गरेका छन्, जसले प्रशासनिक क्षमता लगभग शून्यमा पुऱ्याएको छ । ठुला व्यावसायिक प्रतिष्ठानदेखि साना पसलसम्मको क्षतिले निजी क्षेत्रको मनोबल कमजोर बनाएको छ । सरकारी राजस्व लक्ष्यअनुसार बढ्न सकेको छैन जबकि तलब, भत्ता, सुविधा र अनुदानलगायत सरकारको चालू खर्च बढी छ ।

सँगै, बजारमा वस्तु तथा सेवाको मागमा कमी आएको छ, जसले आर्थिक कारोबार घटाएको छ । उद्योगको ठुलो हिस्सा उत्पादन घटाएको छ । बैंक ब्याजदर र महँगीका कारण उपभोग घट्दा उपभोग्य वस्तु र निर्माण सामग्रीको माग पनि घटेको छ । पछिल्लो तथ्यांकअनुसार मूल्यवृद्धि गत महिना २ प्रतिशतभन्दा कम देखिएको छ ।

राजस्व संकलन घटेकाले सरकारले विकास परियोजनाहरूको बजेट कटौती गर्नुपर्ने अवस्था छ । अहिले देखिएको संकटले पनि राजस्व संकलन थप प्रभावित हुनेमा दुविधा छैन ।

व्यवस्था परिवर्तनयता नेपालमा हालसम्म चारवटा चुनाव र १४ जना प्रधानमन्त्री भइसकेका छन्, जसले राजनीतिक अस्थिरताको गम्भीर संकेत दिन्छ । अर्थतन्त्रमा गतिशीलता नआउनुको प्रमुख कारण पनि यही हो । जसले लगानीकर्तालाई जहिल्यै पनि अन्योलमा राखिरहेको छ । सरकार अस्थिर हुनुको कारण लगानीमैत्री नीतिको अभाव छ ।




आज कमजोर पूर्वाधार, विद्युत् आपूर्तिमा अवरोध, विरोधाभासी कानुन, कर्मचारीतन्त्रको अदक्षता, भ्रष्टाचार, दक्ष जनशक्तिको अभाव, बौद्धिक सम्पत्ति कानुनको कार्यान्वयनमा कमजोरी र उत्पादनमा सीमित प्रोत्साहनले अर्थतन्त्र थप कमजोर भएको छ ।

सँगै, सरकारले अपेक्षा गरेजति वैदेशिक अनुदान प्राप्त हुन सकेको छैन । किनकि मुलुकको राजनीति स्थिर नहुँदा बाह्य राष्ट्रले पनि सहयोग गर्ने अवस्था छैन । सहयोग पनि खेर जाने अवस्था भएको कारण दाताहरू हच्किरहेका छन् । जसमा विश्वव्यापी आर्थिक मन्दी पनि जोडिएको छ । आज विश्वका केही देश मन्दीमा गएका छन् र नेपालमा पनि मन्दीको संकेत देखिन थालेको छ ।

पदभार ग्रहण गर्दै अर्थमन्त्री खनालले अर्थतन्त्रलाई सही दिशामा ल्याउन केही नीति अघि सारेका छन् । जसबाट आममा केही आशा पलाएको छ । उनले विशेषगरी टुक्रे आयोजना रोक्ने, फजुल खर्च कटौती र अध्ययनहीन आयोजना हटाउनेजस्ता कार्यक्रम अगाडि सारेका छन् । चालू बजेटमा विनियोजित टुक्रे आयोजना रोकेर निर्वाचन खर्चको जोहो गर्ने नीति लिएको देखिन्छ । किनकि सरकार ६ महिनाभित्र निर्वाचन गर्नुपर्ने भएकाले टुक्रे आयोजना रोकेर त्यसबाट स्रोत जुटाउने बाध्यतामा छ । बजेटभित्र रहेर फजुल खर्च कटौती गर्ने र राजनीतिक दबाबमा समेटिएका, कुनै अध्ययन नभएका आयोजना हटाउने कुरा गरिएको छ । यसबाट सय अर्ब जति रकम जुट्ने अपेक्षा गरिएको छ ।

साथै, अर्थमन्त्री खनालले नयाँ सवारीसाधन खरिद नगर्ने र भएकै साधनबाट काम सञ्चालन गर्ने निर्देशन दिएका छन् । सेवाग्राही र निजी क्षेत्रसँग सहकार्य गर्न मातहत निकायलाई पनि उनको निर्देशन छ । उनले टुक्रे आयोजना र पूर्वतयारीबिना समेटिएका योजनाबारे अध्ययन गर्न कार्यदल गठन गरेका छन् । पूर्वअर्थसचिवको हैसियतमा उनी स्वयंले करिब ५ सय सुझाव दिएका थिए । जसका मुख्य अंशहरूमा- बहुवर्षीय ठेक्कामा भुक्तानी प्राथमिकता र नयाँ आयोजनालाई ससर्त स्वीकृति, अनुदानको पुनरावलोकन उत्पादन र रोजगारीमा प्रभावका आधारमा, स्वास्थ्य बिमा प्रिमियममा वृद्धि, सहकारी नियमनमा सुधार, क्यापएक्स-जिडिपी अनुपात वृद्धि, सामाजिक सुरक्षा कोषको समयसापेक्ष पुनरावलोकन, भावी दिशा र अवसर रहेका छन् ।

निराशा होइन, कामको समय आएको अर्थमन्त्रीको भनाइ छ । उनको भनाइअनुसार पुनर्निर्माणलाई प्राथमिकता दिँदै विश्वव्यापी चुनौतीलाई अवसरमा रूपान्तरण गर्न सकिन्छ । युवाको असन्तुष्टि सम्बोधन गर्न सुशासन, पारदर्शिता र लगानी प्रवर्द्धन गर्नुपर्ने तर्क उनको छ । साथै, उनले निजी क्षेत्रको मनोबलमा सुधार र संघीयताको सदुपयोग गर्ने कुरा गरेका छन् । नवनियुक्त अर्थमन्त्री खनालका सामु देशको डुबेको अर्थतन्त्रलाई पुनर्जीवित गर्ने, राजनीतिक अस्थिरताबाट उत्पन्न समस्या समाधान गर्ने र निजी क्षेत्रको मनोबल उठाउनेजस्ता चुनौती छन् । उनका नीति र दृष्टिकोण सकारात्मक देखिए पनि सफल कार्यान्वयनका लागि प्रधानमन्त्री र अन्य सरोकारवाला निकायसँगको प्रभावकारी समन्वय अपरिहार्य हुनेछ ।

## इतिहासमा आज

१८ सेप्टेम्बर १९६१ मा संयुक्त राष्ट्र संघका महासचिव डाग ह्यामरस्कजोल्डको कंगोको प्रजातान्त्रिक गणतन्त्रको कटंगा क्षेत्रमा शान्ति वार्ता गर्ने प्रयासमा जाँदा हवाई दुर्घटनामा मृत्यु भएको थियो ।



१८ सेप्टेम्बर १९६० मा फिडेल क्यास्ट्रो संयुक्त राष्ट्र संघको लागि क्युबाली प्रतिनिधिमण्डलको प्रमुखका रूपमा न्युयोर्क सहर आइपुगेका थिए ।



१८ सेप्टेम्बर १९८८ मा हाइटीका राष्ट्रपति जनरल हेनरी नाम्फीलाई जनरल प्रोस्पर एभ्रिलको नेतृत्वमा भएको 'कु'मा सत्ताबाट हटाइएको थियो ।



१८ सेप्टेम्बर २००७ मा बौद्ध भिक्षुहरू म्यानमारमा सरकार विरोधी प्रदर्शनकारीहरूमा सामेल भएका थिए । जसलाई 'भगवा क्रान्ति' भनेर चिनिन्छ ।



# नयाँ पिँढीको पुनर्जागरण

विचार



● रञ्जना बास्ताकोटी

*दलहरू आन्दोलनबाट पार्टी बने, पार्टीबाट व्यापारी । नीतिभन्दा समीकरण, आदर्शभन्दा अवसर भारी हुन थाले । चुनाव देख्ने, भोट हाल्ने अनि फेरि चार वर्ष पर्खने हाम्रो भूमिकाले 'जनता सर्वोच्च छन्' भन्ने आदर्शलाई सजीव राख्न सकेन ।*

हरेक बिहान, जब हामी आँखा खोल्छौं, हामी केवल घामसँगै होइन, समस्याको घन्टाघरसँगै पनि उठ्छौं । नेपाल अब त्यो देश हो, जहाँ हामी रोग पहिचान गर्न त सक्ने भयौं तर निको पार्न सक्ने औषधी कहिल्यै आफैं बनाइनौं । यो बिलौना मात्र होइन, हाम्रो पुस्ताको अन्तरदृष्टि हो, जसले अब 'के बिग्रियो ?' होइन, 'अब के गर्ने ?' भन्ने प्रश्न उठाउन थालिसकेको छ ।

हामी योजनाको भारी बोकेर हिँड्ने मुलुक भयौं । नीति लेख्ने पेनको स्याही कहिल्यै सुक्दैन तर त्यो कागज गाउँका आँसु सुकाउन कहिल्यै पुग्दैन । गरिबी, बेरोजगारी, असमानता- यी शब्द सरकारी प्रतिवेदनमा कम्तीमा तीनचोटि घुमाइन्छन् । तर ती शब्दहरू भोगिरहेका गाउँका अनुहारमा कहिल्यै रंग आउँदैन ।

शिशु मृत्यु घटेको छ, साक्षरता बढेको छ, प्रतिव्यक्ति आय उकालो लागेको छ- अन्तर्राष्ट्रिय प्रतिवेदन यिनै आँकडाले भरिन्छन् । तर प्रश्न के हो भने जब संख्या ठिक छ भने समाज अझै बिरामीजस्तो किन लाग्छ ? हामी रिपोर्ट लेख्ने, सम्मेलन गर्ने, कार्यशाला चलाउने उद्योगमा माहिर भयौं । तर बिरामीको 'औषधी कहाँ छ ?' भन्ने प्रश्नमा सबै चुप हुने अवस्था छ । यो विरोधाभास त्यतिबेला स्पष्ट हुन्छ, जब 'स्प्रेडसिटमा स्वर्ग देखिन्छ,' तर गाउँमा अझै गाग्री बोकेर पानीको खोजीमा डुल्नुपर्छ ।

कसैले चुपचाप भन्यो, 'घुस त फटाहा खान्छ,' तर यथार्थ त्यो होइन । आज नेपालमा भ्रष्टाचार सानो अपराध होइन, यो एउटा 'समानान्तर सरकार' बनिसकेको छ । यसको आफ्नै नियम छन्, आफ्नै मुद्रा र आफ्नै पदानुक्रम । तपाईं नागरिक होइन, ग्राहक बन्नुहुन्छ । सेवा पाउन घुस दिनुपर्छ भने त्यो तपाईंको गल्ती होइन ।

'नुन खाएपछि प्यास लाग्छ' भनेझैं, सानो भ्रष्टाचारले ठुला विश्वास गुमाउँछ । यो केवल पैसाको क्षति होइन, यो युवाको आत्मविश्वास चुस्ने बाघ हो । यहाँ योग्यताको होइन, चिनजानको दरबार चल्छ । 'नाताले खाइदिन्छ, जातले बाँडिदिन्छ' यही हो सिस्टम ।

दलहरू आन्दोलनबाट पार्टी बने, पार्टीबाट व्यापारी । नीतिभन्दा समीकरण, आदर्शभन्दा अवसर भारी हुन थाले । चुनाव देख्ने, भोट हाल्ने अनि फेरि चार वर्ष पर्खने हाम्रो भूमिकाले 'जनता सर्वोच्च छन्' भन्ने आदर्शलाई सजीव राख्न सकेन । जब प्रजातन्त्र मात्र नामको हुन्छ, तिनको परिणाम हुन्छ- निराशा । अनि निराशाले जन्माउँछ पलायन । यतिबेला युवा मन दुई बाटोको छेउमा छ, यहाँ केही हुन्छ भनेर आशा गर्ने वा देशबाहिर जान खोज्ने ।

अब उपचार रिपोर्टमा होइन, रवैयामा खोज्नुपर्छ । अब राष्ट्रलाई हेर्ने नजर फरक हुनुपर्छ । विकास अब 'कागजको अंक' होइन, 'मानव अनुहार'मा देखिनुपर्छ । ससाना प्रयास, ससाना प्रतिकार नै अब ठुलो परिवर्तनका दियो हुन सक्छन् ।

'हातको मैलो दल्दा मात्र धुँगोको पूजा हुन्छ,' त्यस्तै आवाज नउठाई परिवर्तन आउँदैन । प्रश्न गर्नुहोस्- किन ? कसरी ? कहिले ? अब केवल भोट हालेर होइन, बोली हालेर, कलम चलाएर, आफ्नै ठाउँमा आवाज बुलन्द बनाएर यो मुलुक बदल्न सकिन्छ ।

नदीको पानी सधैं काठमाडौंतिर बग्नैपर्छ भन्ने छैन । परिवर्तन स्थानीय स्तरबाटै सुरु हुन्छ । टोलमा, विद्यालयमा, सामाजिक सञ्जालमा जहाँसुकै पनि । आफूले हेर्न चाहेको परिवर्तन आफैं बन्नुहोस् किनकि अब तपाईंको मौनता होइन, तपाईंकै मुखबाट निस्कने शब्दले यो यात्रालाई दिशा दिनेछ । विकासको विरोधाभासलाई हामीले शिर झुकाएर स्विकार्नुपर्ने समय सकिएको छ । अब हामीले शिर उचालेर भन्नुपर्छ, हामीसँग आँखा छन्, हामीसँग आवाज छ, हामीसँग विकल्प छन् । अबको यात्रामा हामी साक्षी होइन, हिस्सेदार बन्नुपर्छ ।

# युवा शक्तिले खोजेको व्यावसायिक सीप

विचार



● राजन केसी

*युवालाई आत्मनिर्भर बनाउन सक्ने यो क्षेत्रप्रति राज्यको ध्यान नपुग्दा व्यवसायीहरू दातामुखी तालिममा निर्भर हुनुपरेको छ । न त पर्याप्त नीतिगत स्पष्टता, न त समन्वय र अनुगमनको मजबुत संरचना विकास भएको छ ।*

नेपालमा बेरोजगार युवा-युवतीहरूको संख्या ठुलो छ । काम गर्ने उमेरका धेरैजसो युवाले आफ्नो क्षमताअनुसार अवसर नपाउँदा उनीहरू वैदेशिक रोजगारीतर्फ आकर्षित भइरहेका छन् । यसले देशभित्र श्रम शक्ति कमी मात्र होइन, विदेशी रोजगारीमा निर्भरता बढाउँदै लगेको छ । यस्तो अवस्थामा सिपमूलक तालिम युवालाई आत्मनिर्भर बनाउने, रोजगारी सिर्जना गर्ने र राष्ट्रलाई आर्थिक रूपमा सबल बनाउने महत्वपूर्ण आधार बन्न सक्छ ।

सिपमूलक तालिम व्यवसायीहरूको प्रमुख जिम्मेवारी भनेको युवालाई आवश्यक सिप सिकाएर उनीहरूलाई दक्ष जनशक्ति बनाउनु हो । तर नेपालमा तालिम सञ्चालन अझै व्यवस्थित, दिगो र गुणस्तरीय बन्न सकेको छैन । कतिपय व्यवसायीहरूले यसलाई 'मौसमी खेती'जस्तो अल्पकालीन/अस्थायी रूपमा मात्र सञ्चालन गर्छन् । दाताको मुख मात्र ताकेर तालिम सञ्चालन गर्ने अभ्यासले व्यावसायिकता र दिगोपन सुनिश्चित गर्न सकिन्न ।

तालिम व्यवसायीहरूले आफ्नो कार्यलाई कागजी औपचारिकतामा मात्र सीमित नगरी, नियमित उपस्थिति, निरन्तर प्रतिबद्धता र गुणस्तरीय तालिम प्रवाहलाई आफ्नो मूल मूल्यका रूपमा आत्मसात् गर्नुपर्छ । यसरी मात्र तालिम क्षेत्रलाई विश्वसनीय, परिणाममुखी र टिकाउ बनाउन सकिन्छ ।

नेपाल सरकारका सम्बन्धित निकायले सिपमूलक तालिमलाई अझै पनि गम्भीर प्राथमिकताका रूपमा लिएको देखिँदैन । युवालाई आत्मनिर्भर बनाउन सक्ने यो क्षेत्रप्रति राज्यको ध्यान नपुग्दा तालिम व्यवसायीहरू दातामुखी तालिममा निर्भर हुनुपरेको छ । न त पर्याप्त नीतिगत स्पष्टता, न त समन्वय र अनुगमनको मजबुत संरचना विकास भएको छ । युवा शक्तिलाई सिपयुक्त बनाउन सक्ने सुवर्ण अवसर सरकारले आफ्नै ढिलासुस्ती र उदासीनताका कारण गुमाइरहेको छ । यदि आजैदेखि नीति निर्माण तहमा सिपमूलक तालिमलाई प्राथमिक क्षेत्रका रूपमा मान्यता दिइएन भने बेरोजगारीको दर झन् बढ्नेछ र युवा शक्ति अझै परनिर्भर बन्न बाध्य हुनेछ ।

सिपमूलक तालिमसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न सबै सरोकारवालाले अब सोच परिवर्तन गर्न जरुरी छ । तालिम प्रदायक व्यवसायीको कागजी औपचारिकतासँगै आवश्यक न्यूनतम भौतिक पूर्वाधार र मापदण्डअनुरूप गुणस्तरीय तालिम सञ्चालन गर्ने संस्कृतिको सुरुवात गर्नुपर्छ । यसले मात्र युवाहरूलाई वास्तविक सिप दिलाउने र तालिम क्षेत्रको प्रतिष्ठा उच्च बनाउनेछ ।

यदि हामीले आजैदेखि व्यावसायिक र दिगो तालिम प्रणालीलाई प्राथमिकता दिन सकेमा, हाम्रो युवा शक्ति केवल रोजगारी खोज्ने होइन, बरु रोजगारी सिर्जना गर्ने अवस्थामा पुग्नेछ । यसले व्यक्तिगत जीवनस्तर सुधार्ने मात्र होइन, राष्ट्रलाई आत्मनिर्भर र समृद्ध बनाउन पनि टेवा पुऱ्याउनेछ ।

**(लेखक केसी सिपमूलक तालिम व्यवसायी हुन् ।)**

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

# प्रमुख प्रशासकीय अधिकृत कुर्दै रौतहटका स्थानीय तह

**धर्मेन्द्र कुमार साह/मध्यान्ह**
रौतहट, १ असोज

रौतहटका स्थानीय तहहरूमा दरबन्दीअनुसारका प्रमुख प्रशासकीय अधिकृत हाजिर नहुँदा आर्थिक र प्रशासनिक काम ठप्प हुने अवस्था आएको छ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले भदौ १२ गते राति ठूलो संख्यामा उपसचिव र शाखा अधिकृतको सरुवा-पदस्थापन गरेको थियो। सो क्रममा रौतहटका १६ स्थानीय तहमा नयाँ प्रमुख प्रशासकीय अधिकृत खटाइए पनि अधिकांशले अझै कार्यभार ग्रहण गरेका छैनन्। अहिलेसम्म गरुडा र कटहरिया नगरपालिकामा मात्र नयाँ प्रमुख प्रशासकीय अधिकृत हाजिर भएका छन्। बाँकी पालिकामा प्रशासकीय अधिकृत नआउँदा कार्यालयका आर्थिक तथा प्रशासनिक कार्यहरू प्रभावित भएका छन्।




यसैबीच, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मंगलबार सूचना जारी गर्दै सरुवा भएका अधिकारीहरूलाई चाँडै तोकिएको कार्यालयमा हाजिर हुन आग्रह गरेको छ।

**४ पालिकाको खाता रोक्का**

प्रशासकीय अधिकृत अभावकैबीच रौतहटस्थित कोष तथा लेखा नियन्त्रक कार्यालयले मंगलबार ४ पालिकाको खाता अस्थायी रूपमा रोक्का गरेको छ। खाता बन्द गरिएका पालिकामा गढिमाई, माधवनारायण, राजपुर र राजदेवी नगरपालिका रहेका छन्।

कोष तथा लेखा नियन्त्रक कार्यालय गौरले दरबन्दीअनुसारको प्रमुख प्रशासकीय अधिकृत हाजिर नगरी पुरानै प्रशासकीय अधिकृतको हस्ताक्षरमा खाता सञ्चालन गरेको भन्दै आलोचना भएपछि तत्काल प्रभावले खाता रोकिएको हो।

चालु आर्थिक वर्षमा ती ४ पालिकाको खाता सुचारु भइसकेर पहिलो किस्ता अन्तर्गतको सशर्त र समानीकरण अनुदान निकासा भएको थियो। तर हालका लागि ती पालिकाको सूत्र प्रणाली (स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली) लक गरिएको कोष तथा लेखा नियन्त्रक कार्यालय रौतहटले जनाएको छ।

# प्रतिगामीहरू गणतन्त्र उल्टाउन खोज्दै छन्, सचेत बनौं : मुख्यमन्त्री कँडेल

**सुर्खेत/मस-** कर्णाली प्रदेशका मुख्यमन्त्री एवं नेकपा एमाले स्थायी कमिटी सदस्य यामलाल कँडेलले ७० वर्ष लामो संघर्षपछि ल्याइएको गणतन्त्र र संविधान प्रतिगामीहरू उल्टाउन लागिरहेकोले नागरिक सचेत हुनुपर्ने बताएका छन्। अहिलेको राजनीतिक परिस्थिति खतरनाक मोडतर्फ गएको भन्दै सबै नागरिकस्तरबाटै सचेत हुनुपर्नेमा मुख्यमन्त्री कँडेलले जोड दिएका हुन्।



मंगलबार वीरेन्द्रनगरमा नेकपा एमाले नगर कमिटीले आयोजना गरेको भेलालाई सम्बोधन गर्दै मुख्यमन्त्री कँडेलले संविधान अहिले अर्धमृत जस्तै अवस्थामा पुगेको दाबी गरे। "सात दशकको त्याग, बलिदान र संघर्षपछि ल्याइएको संविधान आज धरापमा परेको छ। यसलाई जोगाउन सम्पूर्ण नागरिक सचेत हुन जरुरी छ," उनले भने। उनले सरकारले बेलैमा कानुनी संरचना परिवर्तन नगरेको र संवैधानिक व्यवस्थाहरू कार्यान्वयनमा कमजोर देखिएको कारण आजको अवस्था आएको टिप्पणी गरे। चुच्चे नक्साको विषय उठाउँदा नेकपा एमालेको ढालिएको हो उनको भनाइ थियो। मुख्यमन्त्री कँडेलले पार्टी कार्यकर्तालाई जनस्तरसँग अझ मजबुत सम्बन्ध बनाउन, विश्वास जगाउन र संगठनलाई बलियो बनाउन आह्वान गरे। उनले भने, 'व्यक्तिगत कुरा भन्दा पनि परिस्थिति बुझेर दायित्व पूरा गर्नुपर्छ। अभिलेख र रेकर्ड जिल्ला पार्टी कार्यालयमा उपलब्ध गराउनुपर्छ। सबै वडामा बैठक, भेलामार्फत संगठनलाई सुदृढ पार्नुपर्छ।'

उनले संविधान दिवसलाई विशेष अर्थका साथ मनाउनुपर्ने भन्दै आवश्यक परे सडक आन्दोलनको तयारीका साथ अघि बढ्नुपर्नेमा जोड दिए। उनका अनुसार संगठन बलियो हुँदा मात्र संघर्ष जित्न सकिन्छ, कमजोर हुँदा भने समाजमा विकृति र वेथिती मौलाउने अवस्था आउँछ।

युवालाई आन्दोलनमा अगाडि ल्याउन र महिलाको सहभागिता बढाउन सकेमात्र जनमत परिवर्तनमा निर्णायक सफलता हासिल गर्न सकिने उनको विश्वास थियो। '७० वर्षको संघर्षबाट ल्याइएको गणतन्त्र जोगाउन संगठनात्मक शक्ति, जनविश्वास र निरन्तर अभियान अपरिहार्य छ,' मुख्यमन्त्री कँडेलले जोड दिए।

बैठकमा नेकपा एमाले कर्णाली प्रदेश अध्यक्ष गुलावजग शाह, जिल्ला कमिटी अध्यक्षसहित विभिन्न नेताहरू सहभागी थिए। कार्यक्रममा वीरेन्द्रनगर नगरपालिकाका १ देखि १२ वटै वडाका अध्यक्षहरूले आ-आफ्नो वडाको प्रतिवेदन प्रस्तुत गरेका थिए।

# जेनजी आन्दोलनमा भएको क्षतिको अनुगमन



**सुर्खेत/मस-** कर्णाली प्रदेश सरकारका प्रवक्ता एवम् भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री विनोदकुमार शाहले जेनजी आन्दोलनमा भएको क्षतिको अनुगमन गरेका छन्। बुधबार प्रवक्ता शाहले भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनबाट क्षति भएका कर्णाली प्रदेशका सरकारी कार्यालय तथा निवासहरुको अनुगमन गरेका हुन्।

मन्त्री शाहले मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, जलस्रोत तथा उर्जाविकास मन्त्रालय र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयहरुका सरकारी निवासको अनुगमन गरेका उनका स्वकीय सचिव हेमन्त दशौंदीले जानकारी दिए।

उनका अनुसार मन्त्री शाहले कर्णाली प्रदेशसभाको पनि अनुगमन गरेका छन्। जेनजीका नाममा यी कार्यालयहरुमा तोडफोड तथा आगजनी गरिएको छ।

अनुगमन गर्दै मन्त्री शाहले जेनजीले उठाएका विषय मनन योग्य भएको बताए। उनले भने, 'भ्रष्टाचार नियन्त्रण, राजकीय पदमा बसेकाको सम्पत्ति छानविन, अनियमितता रोक्ने र जनताले सहज ढंगले सेवा प्राप्त गर्ने कुरामा सरकार जिम्मेवार हुनैपर्छ। तर, पूर्वघोषणा विपरित खर्बौंको भौतिक संरचनामा भएको तोडफोड र आगजनी निन्दनीय र भत्सनायोग्य छ।'

यस्तै, मन्त्री शाहले यस आन्दोलनले मुलुकका कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका र निजी क्षेत्रमा एकैपटक गरिएको प्राहर देशमाथिको प्रहार भएको उल्लेख गरे। उनले भने, 'हाम्रा आस्थाका धरोहर सिंहदरबार, संघिय संसद भवन सर्वोच्च अदालत, प्रदेश सभा भवन, थुप्रै सार्वजनिक तथा निजी व्यापारिक संरचनामा गरिएको आगजनी, तोडफोड तथा विध्वंसात्मक र विनाशकारी घटनाको निष्पक्ष छानबिन र दोषीलाई कानुनी कारबाही हुनुपर्छ।'

मन्त्री शाहले यस विध्वंसात्मक घटनाले नेपाल ५० वर्षपछि धकलिएको बताए। उनले भने, 'कर्णाली जस्तो क्षेत्रमा हाम्रा यस्ता सुन्दर संरचनामा भएको क्षति हेर्दा लाग्छ कुनै मानवीय संवेदना भएकोले गर्नै सक्दैन। यसले हामिलाई भावविह्वल बनाएको छ। तर हामी खरानी टक्टकाएर फेरि उठ्नेछौं।'

यस्तै, मन्त्री शाहसँगै प्रदेश सभामुख नन्दा गुरुङ, उप-सभामुख यशोदा न्यौपाने, प्रदेशसभा सचिव जीवराज बुढाथोकी र कृषि मन्त्रालयका सचिव संजिवकुमार कर्ण लगायतले अनुगमन गरेका थिए। यस्तै, प्रहरीका अनुसार जेनजी आन्दोलनबाट कर्णाली प्रदेशका तीन जिल्लाका सरकारी तथा निजी गरी ५२ बढी भौतिक संरचना तहसनहस भएका छन्।

क्षति भएका ४५ वटा सवारी साधनमाहरुमा सरकारी गाडीहरु पूर्णरुपमा ६ वटा, १३ आंशिक गरी जम्मा १९ र मोटरसाइकतर्फ १४ वटा पूर्ण र ५ वटा आंशिक गरी जम्मा १९ वटा छन्।

# कैदीबन्दीलाई धमाधम कारागार फर्काइँदै




**बागमती/मस-** गत भदौ २३ र २४ को जेनजी प्रदर्शनको मौका छोपी विभिन्न कारागारबाट फरार भएका कैदीबन्दीहरू धमाधम कारागार फर्किन थालेका छन्।

कारागारबाट भागेमध्ये धेरैजसोलाई सुरक्षाकर्मीले पक्राउ गरी कारागार फर्काएका छन्भने कतिपय आफै कारागार फर्केका छन्। मकवानपुरको भीमफेदी गाउँपालिकास्थित क्षेत्रीय कारागार भीमफेदीलगायत विभिन्न कारागारबाट फरार भएकामध्ये बुधबार बिहानसम्म २ सय २३ जना कैदीबन्दी कारागार फर्किएका छन्। भीमफेदी कारागारबाट भागेकामध्ये सुरक्षाकर्मीले १ सय ३० जना कैदीबन्दीलाई नियन्त्रण लिई कारागारमा पठाएको कारागारका प्रमुख सुवास पौडेलले जानकारी दिए।

उनका भागेकामध्ये ३६ जना कैदीबन्दी आफैँ कारागारको सम्पर्कमा आएका छन्।

यही भदौ २४ गते राति १ बजेतिर भीमफेदी कारागारको पर्खाल भत्काएर ४ सय ४० कैदीबन्दी फरार भएका थिए। फरार कैदीबन्दीको खोजी गर्ने क्रममा भीमफेदी कारागारबाट फरार १ सय ३० जना र अन्य कारागारबाट फरार ६० जना गरी १ सय ९० जना कैदीबन्दीलाई प्रहरीले नियन्त्रणमा लिइ कारागार पठाएको कारागारका प्रमुख पौडेलले बताए। कारागारको तीन गेट फुटाई पश्चिमतर्फको पर्खाल भत्काएर (क) ब्लकबाट २ सय ६० र (क) ब्लकबाट १ सय ८० गरी ४ सय ४१ कैदीबन्दी फरार भएका थिए। फरार कैदीबन्दीको खोजीको क्रममा सुरक्षाकर्मीहरूले विभिन्न स्थानबाट कैदीबन्दीहरूलाई नियन्त्रणमा लिइ कारागारमा बुझाएको प्रमुख पौडेलले बताए। फरार रहेका २ सय ७७ कैदीबन्दी खोजी कार्य तीव्र पारिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक श्यामु अर्यालले बताए।

# कर्णालीमा सरकारी तथा निजी १९ संरचना पूर्णरूपमा क्षतिग्रस्त

**कर्णाली/मस-** कर्णाली प्रदेशमा सरकारी तथा निजी १९ वटा भौतिक संरचना पूर्णरूपमा क्षतिग्रस्त भएका छन्। यही भदौ २४ गते जेनजी पुस्ताको प्रदर्शनका क्रममा आगजनी तथा तोडफोडबाट प्रदेशका १९ संरचनामा क्षति पुगेको थियो।



कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतका प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक माधवप्रसाद श्रेष्ठका अनुसार कर्णाली प्रदेशसभा, नापी कार्यालय, प्रदेश कोष तथा नियन्त्रण कार्यालय, मुख्यमन्त्री निवास, वीरेन्द्रनगर नगरपालिका-२, ३, ६ र ११ नं वडा कार्यालय पूर्ण रूपमा क्षतिग्रस्त भएका छन्।

नेपाली कांग्रेसका उपसभापति पूर्णबहादुर खड्का, उनकै भाइ डम्बर खड्का, मुख्यमन्त्री यामलाल कँडेल, वीरेन्द्रनगर नगरपालिकाका प्रमुख मोहनमाया ढकाल, उपप्रमुख नीलकण्ठ खनालको घर पनि पूर्ण रूपले क्षतिग्रस्त भएको उनले जानकारी दिए।

त्यस्तै, नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)को पार्टी कार्यालय पनि पूर्ण रूपमा क्षति भएको प्रहरी नायब महानिरीक्षक श्रेष्ठले बताए।

उनका अनुसार जुम्लामा भने नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) को पार्टी कार्यालयमा क्षति पुगेको छ। प्रदेशभरि १९ वटा भौतिक संरचना पूर्ण रूपले क्षति भएका छन् भने १५ वटामा आंशिक र पाँ वटामा सामान्य क्षति पुगेको छ।

ठूला गाडी १४, मोटरसाइकल १२ र एउटा ट्याम्पुमा क्षति पुगेको प्रहरीको तथ्यांकमा उल्लेख छ। आर्थिक क्षतिको विवरण प्राप्त गर्न केही समय लाग्ने जनाउँदै प्रहरी नायब महानिरीक्षक श्रेष्ठले प्रदर्शनका क्रममा १३ सर्वसाधरण र तीन प्रहरी गरी १६ जना घाइते भएका उल्लेख गरे।

# मैवाखोलामा पहिरोले ११ घर विस्थापित

**ताप्लेजुङ/मस-** अविरल वर्षाका कारण यहाँको मैवाखोला गाउँपालिकाका विभिन्न वडाका ११ घर विस्थापित भएका छन्भने १२ घर परिवार पहिरोको उच्च जोखिममा परेका छन्।

स्थानीय विपद् व्यवस्थापन समितिको स्थलगत निरीक्षण अनुसार वडा नम्बर २, ४, ५ र ६ सबैभन्दा बढी प्रभावित भएका छन्। वडा नम्बर २ मा २ घर विस्थापित भएका छन्भने वडा नम्बर ४ मा ५ घर उच्च जोखिममा परेका छन्। यस्तै वडा नम्बर ५ मा १ घर विस्थापित हुनुका साथै सात घर उच्च जोखिममा रहेका छन्। त्यस्तै, वडा नम्बर ६ मा ८ घर विस्थापित भएका छन्भने केही दिनअघि एक घर पहिरोले पुरिँदा दुई जनाको मृत्यु हुनुका साथै तनि जना घाइते भएका छन्। घाइतेहरूको उपचार भइरहेको जनाइएको छ।

यस्तै भौतिक संरचनातर्फ पनि क्षति पुगेको छ। वडा नम्बर ४ को एकबासे सडक पूर्ण रूपमा बगाएको छ भने वडा नम्बर ४ र ५ जोड्ने याङ्देली झोलुङ्गे पुल जाने बाटोको भाग पहिरोले बगाएको छ। वडा नम्बर ५ को महादेवथान-कामसाङ क्षेत्रको सडक अवरुद्ध भएको छ भने वडा नम्बर ५ र ६ जोड्ने चिम्फाक-रानीवन सडक, रानीवन-साङलुप्पा सडक, रानीवन-साम्तोङ सडक, ओर्खुम-जैवा सडक र फाकुम्बा-यदे सडक बाढी र पहिरोले बगाएर पूर्ण रूपमा अवरुद्ध भएका छन्। साथै, तिर्तिरे-खार्ते सडकखण्डको अयाक्मा जङगल क्षेत्रमा निर्माण गरिएको ग्याबिन र सोलिङ समेत बगाएको छ।

दसैं, तिहारजस्ता प्रमुख पर्व नजिकिँदै गर्दा बाढी, पहिरोले ल्याएको विपत्तिका कारण जनजीवन कष्टकर बनेको गाउँपालिका अध्यक्ष बिजयप्रकाश वनेमले बताए। प्रभावित परिवारहरू विस्थापित भएर असुरक्षित अवस्थामा दिन काट्न बाध्य भएका छन्। अझै वर्षा रोकिने सम्भावना नदेखिएकाले थप जोखिम बढ्न सक्ने अनुमान गरिएको छ।

# बिनाबिलबिजक सामान किनबेच नगर्न प्रहरीको अनुरोध

**काठमाडौं/मस-** जिल्ला प्रहरी परिसर काठमाडौंले बिना बिलबिजकको सामान किनबेच नगर्न सबैमा अनुरोध गरेको छ। जेनजीको प्रदर्शनकाक्रममा आपराधिक समूहद्वारा लुटिएका गरगहना बिक्री गर्न सुनचाँदी पसलमा ल्याउन सक्ने भएकाले बिल भर्पाइ बिनाका सुनचाँदीका गरगहना खरिद नगर्न अनुरोध गरेको हो।




त्यस्तो कुनै सूचना पाएमा तत्काल प्रहरीलाई खबर गर्न परिसरले आज एक सूचना प्रकाशित गरी सबैमा आग्रह गरेको छ। गत भदौ २३ र २४ गते 'जेनजी' ले आह्वान गरेको प्रदर्शनका क्रममा प्रदर्शनकारीद्वारा काठमाडौंका विभिन्न स्थानहरूमा रहेका सरकारी कार्यालय, बैंक वित्तीय संस्थाहरू, व्यापारिक प्रतिष्ठानलगायत निजी सम्पत्तिमा समेत आगजनी तथा तोडफोड गर्नुका साथै बहुमूल्य गरगहना तथा सरसामान चोरी/लुटपाट गरी लगेको पाइएकाले बिलबिना खरिद नगर्न अनुरोध गरिएको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवं प्रहरी उपरीक्षक अपिलराज बोहराले जानकारी दिए।

उनले भने, 'बिल भर्पाइ बिनाका सुनचाँदीका गरगहना खरिद नगर्न हुन र त्यस्तो कुनै सूचना पाएमा तत्काल प्रहरीलाई खबर गर्नुहुन हामी सम्बन्धित सबैमा अनुरोध गर्दछौं। त्यस्ता आपराधिक कार्यमा संलग्न रहेको पाइएमा प्रचलित कानुनबमोजिम कारबाही हुनेछ।'

यसैगरी त्यस्ता सामानहरू प्राप्त भएमा प्रहरी कन्ट्रोल नम्बर १००, जिल्ला प्रहरी परिसर, काठमाडौंको सम्पर्क नम्बर ९८५१२८३०१२ र नजिकको प्रहरी कार्यालयमा उक्त विषयको जानकारी दिन परिसरले सबैमा अनुरोध गरेको छ।

# दोलखाकी दुई वर्षीय बालिकाको उपचारका लागि ४० हजार सहयोग

**तिलोचन गौतम/मध्यान्ह**
मलेसिया, १ असोज

दोलखाकी दुई वर्षीया बालिकाको उपचारका लागि नेपाली जनसम्पर्क समिति मलेसियाले ४० हजार ७ सय आर्थिक सहयोग प्रदान गरेको छ।

समितिका सदस्य देवराज घिमिरेको पहल, सभापति चोलाकान्त पंगेनीको समन्वय तथा पदाधिकारी र सदस्यहरूको संयुक्त प्रयासमा संकलित रकम बालिकाकी आमा रमा भट्टराईको बैंक खातामा जम्मा गरिएको समितिका सहकोषाध्यक्ष इन्द्र प्रकाश भण्डारीले जानकारी दिए।

महामन्त्री हरि कोइरालाले मातृभूमिप्रति विदेशमा रहेर पनि उत्तरदायित्व बहन गर्ने भावनाले समितिले गरेको सहयोगलाई मानवीय सेवाको उत्कृष्ट उदाहरणका रूपमा लिन सकिने बताए।

यस्तै, कोषाध्यक्ष गणेश राउतले सहयोगमा संलग्न सबैलाई धन्यवाद ज्ञापन गरेका समितिका प्रवक्ता सरोज दाहालले जानकारी दिए।

**Mahunyal Multiple Campus**
Bhajani Municipality-01, Kailali
Sudurpaschim Province, Nepal
Est: 2064

**Invitation for Bid**
Date of Publication: 18-09-2025

Mahunyal Multiple Campus, Bhajani Municipality-01, Kailali invites online electronics bids only from Nepalese eligible bidders for the following bids under National Competitive Bidding procedure.

| S.N. | Contract Identification No. | Name of Contract | Estimated Amount in Nrs (excluding VAT and contingencies) | Bid Document Fee (Nrs) | Bid Security (Nrs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | NCB/MC/BLDG/01/2082/083 | Construction of Mahunyal Multiple Campus Building | Nrs. 52,15,197.25 | 3000/- | Nrs 1,70,500/- | |

Eligible bidders may obtain further information and inspect the Bidding Document at the office of Mahunyal Multiple Campus or may visit PPMO website www.bolpatra.gov.np/egp.

(Campus Chief)

# एसियाडमा ४ सय ३४ खेलाडीको नाम दर्ता




**काठमाडौं/मस–** जापानको आइची र नागोयामा अर्को वर्ष आयोजना हुने २०औं एसियाली खेलकुद (एसियाड)का लागि ३२ खेलका ४३४ खेलाडीको नाम दर्ता गरिएको छ। अन्तर्राष्ट्रिय मान्यता प्राप्त नेपाल ओलम्पिक कमिटी (एनओसी)द्वारा बुधबार जारी प्रेस विज्ञप्तिमा विभिन्न ३२ खेलका १९५ महिला र २३९ पुरुष खेलाडी २०औं एसियाडका लागि पहिलो सूचीमा दर्ता भएको उल्लेख छ।

एसियाडका लागि खेलअनुसार खेलाडीको दर्ता गर्ने अन्तिम मिति सेप्टेम्बर १६ सम्म थियो। त्यसमा ओलम्पिक कमिटीले यसअघि दर्ता गरिएको खेलमा दुई खेल थप गरेर ३२ खेलको खेलाडीका नाम दर्ता गरेको एनओसीले जनाएको छ।

यससम्बन्धी युवा तथा खेलकुद मन्त्रालय र राष्ट्रिय खेलकुद परिषद्लाई पटकपटक पत्राचार गर्दा मन्त्रालय र राष्ट्रिय खेलकुद परिषद्बाट खेलाडीको संख्याका बारेमा कुनै जानकारी प्राप्त नभएपछि पहिला दर्ता गरिएका ३० वटा खेलसँग सम्बन्धित संघबाट सम्भावित खेलाडीको संख्या उपलब्ध गराएको जनाइएको छ।

सोही अनुसार मंगलबार आयोजक कमिटीमा 'इन्ट्री बाई' नम्बर प्रक्रिया सम्पन्न भएको कमिटीका महासचिव राजीव श्रेष्ठद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

यसअघि ओलम्पिक कमिटीले ३० खेलको नाम दर्ता गरेको थियो। त्योबेला नाम दर्ता नभए पनि खेलाडीको नाम दर्ता गर्दा फुटबल र तेक्वान्दोको खेलाडीको नाम पनि थप गरिएको थियो।

एसियाडमा दर्ता गरिएको खेलमा एथलेटिक्स, आर्चरी, ब्याडमिन्टन, बास्केटबल, बक्सिङ, ब्रेकिङ एण्ड डान्स स्पोर्टस्, बेसबल एण्ड सफ्टबल, राफ्टिङ एण्ड कनोइङ, कुराँस, क्रिकेट, साइक्लिङ, इ-स्पोर्टस्, गल्फ, हकी र जुडो छन्।

त्यसैगरी, कबड्डी, कराते, मोडर्न पेन्टाथलन, रग्बी, स्केटिङ, स्पोर्टस् क्लाइम्बिङ, स्कावास, सफ्ट टेनिस, पौडी, टेनिस, टेबल टेनिस, भलिबल, भारतोलन, कुस्ती र उसु छन्। पछि थप गरेको खेलमा तेक्वान्दो र फुटबल रहेको छ।

# एएफसीले एन्फालाई गऱ्यो १० हजार डलर जरिमाना

**काठमाडौं/मस–** एसियाली फुटबल महासंघ (एएफसी)ले अखिल नेपाल फुटबल संघ (एन्फा) लाई १० हजार अमेरिकी डलर जरिमाना गरेको छ। एएफसी फुटसल एसियन कप २०२६ को छनोट खेलमा सहभागी नभएपछि एएफसीले एन्फालाई १० हजार अमेरिकी डलर जरिमाना गरेको हो।

एएफसीको अनुशासन तथा आचारसंहिता समितिको गत अगस्ट २१ मा बसेको बैठकले एन्फामाथि कारबाही गर्दै जरिमाना लगाउने निर्णय गरेको हो। एन्फाले सुरुमा नाम दर्ता गरे पनि पछि टोलीलाई प्रतियोगिताबाट फिर्ता लिएको थियो।

एएफसीको नियम अनुसार खेल सुरु हुनुभन्दा कम्तीमा १०६ दिनअघि मात्र नाम फिर्ता लिन सकिने भए पनि एन्फाले नियम उल्लंघन गरेपछि कारबाहीमा परेको हो। यससँगै नेपाललाई आगामी संस्करणको छनोट खेलमा सहभागी हुनबाट समेत प्रतिबन्धित गरिएको छ।

एन्फाले तोकिएको १० हजार अमेरिकी डलर सेप्टेम्बर २० भित्र बुझाउनु पर्नेछ।

यस पटकको फुटसल एसियन कप छनोट प्रतियोगिता सेप्टेम्बर २० देखि सुरु हुँदैछ। छनोटमा ३१ देश सहभागी हुनेछन्, जसलाई आठ समूहमा विभाजन गरिएको छ। प्रत्येक समूहको विजेता र उपविजेता सहित १५ टोली छनोट हुनेछन् भने आयोजक इन्डोनेसिया स्वचालित रूपमा फाइनल चरणमा पुगेको छ।

# युनिटी कपमा इयान बिसपले कमेन्ट्री गर्ने




**काठमाडौं/मस–** नेपाल र वेस्ट इन्डिजबीच हुने युनिटी कप टी-२० अन्तर्राष्ट्रिय सिरिजमा वेस्ट इन्डिजका पूर्वस्टार क्रिकेटर तथा प्रख्यात कमेन्टेटर इयान बिसपले कमेन्ट्री गर्ने भएका छन्।

नेपाल क्रिकेट संघ (क्यान)ले बुधबार सार्वजनिक गरेको भिडियो सन्देशमार्फत बिशपले सिरिजमा कमेन्ट्री गर्न पाउने अवसरबारे उत्साह व्यक्त गरेका छन्। उनले भनेका छन्, 'प्रसारण टोलीको हिस्सा हुन पाउँदा निकै खुसी लागेको छ। यो सिरिज निकै रोमाञ्चक हुने अपेक्षा गरेको छु।'

बिसपले नेपाली क्रिकेटप्रेमीको जोश र उत्साहको प्रशंसा गर्दै खेलले एकता र सान्त्वना दिन सक्ने विश्वास व्यक्त गरेका छन्। साथै, उनले नेपाली टोलीले मुलुकलाई गर्व दिलाउने आशा व्यक्त गर्दै समर्थकलाई खेल हेर्न आग्रह गरेका छन्।

युनिटी कपअन्तर्गत नेपाल र वेस्ट इन्डिजबीचका खेलहरू युएईको शारजाहमा आगामी असोज ११, १३ र १४ गते हुनेछन्। नेपालले पहिलोपटक आइसिसी पूर्ण सदस्य राष्ट्रसँग टी-२० सिरिज खेल्न लागेको हो। आगामी टी-२० विश्वकप छनोटको तयारी स्वरूप नेपालले दुई पटकको विश्वकप विजेता वेस्ट इन्डिजसँग सिरिज खेल्न लागेको हो। वेस्ट इन्डिजविरुद्धको श्रृंखला समाप्त भएपछि नेपाली टोली त्यहींबाट ओमानतर्फ प्रस्थान गर्नेछ।

ओमानमा नौ टोली सहभागी हुने छनोट प्रतियोगितामा शीर्ष तीन स्थान हासिल गर्न सके नेपाल लगातार दोस्रो पटक र समग्रमा तेस्रो पटक टी-२० विश्वकप खेल्ने अवसर पाउनेछ।


## Cyprus मा रोजगार

१. कम्पनी: LIGHTBLUE VISION LTD., Limassol, Cyprus
पूर्व स्वीकृती मिति २०८२।०५।२६ चलानी नं. ६०२४४८६५ LT.No. 330159

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | EURO | ने.रु | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाईम सुविधा / वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker | - | 20 | स.काममा दक्ष | 400 | ६६,६३१।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | छ | २ वर्ष |

२. कम्पनी: Louca recruitment and consulting Agency-License-472, Famagusta, Cyprus
पूर्व स्वीकृती मिति २०८२।०५।२६ चलानी नं. ६०२४४७३१ LT.No. 330157

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | EURO | ने.रु | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाईम सुविधा / वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker | - | 10 | काममा दक्ष | 400 | ६६,६३१।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | छ | २ वर्ष |
| 2 | Waiter/Waitress | 05 | - | | 700 | ११६,६०५।- | | | | | |
| 3 | Cook | 03 | - | | 900 | १४९,९२०।- | | | | | |
| 4 | Labourer | 02 | - | | 500 | ८३,२९०।- | | | | | |

घ. कम्पनी: E..C.Illuminate -Lic no.481, Paphos, Cyprus
पूर्व स्वीकृती मिति २०८२।०५।३० चलानी नं. ६०२४४८६४ LT.No. 330841

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | EURO | ने.रु | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाईम सुविधा / वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 05 | 05 | काममा दक्ष | 500 | ८३,२९०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | छ | २ वर्ष |
| 2 | Employee | 10 | - | | 700 | ११६,६०५।- | | | | | |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्योहोर्ने हुने रोजगारदाता | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | कम्पनीले | नि:शुल्क | नि:शुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १५००।- | रु. १०,०००।- |

अन्तर्वार्ता २०८२ असोज ९ गते (25 September, 2025) मेनपावर कार्यालय गोंगबुमा हुनेछ।

Om Shree Mahashakti Employment Pvt. Ltd. Gov. Lic. No. 200/057/058
Samakhushi-26, Town Planning, KTM, Phone:- +977-1-4957662, 9849040279, Email:- radhabudhathoki@hotmail.com, www.osmefw.com

## कतारमा रोजगार

कम्पनी : LIFE STYLE FOR CLEANING & MAINTENANCE शहर:QATAR
पूर्व स्वीकृत मिति: २०८२/०२/३० चलानी नं.: ६०२३९५२९ LT. No.:320731 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner,Public Facilities | 50 | 40 | स. काममा दक्ष | 1000 | ३८,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज ९ गते (25 September 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Y. K. Manpower Agency Pvt. Ltd.
Govt. Lic. No. 1439/074/075
4th Floor, Giri Complex, Sambhumarga-9, Airport, Kathmandu Tel.: (+977-014599181, 014597116), +977 9801234995.
E-mail: ykmanpoweragency@gmail.com, Web.: www.ykmanpower.com

## युएईमा रोजगार

कम्पनी: A G FACILITIES SOLUTIONS FOR BUILDING MAINTENANCE LLC शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०८२/०३/११ चलानी नं.: ६०२४०१२८ LT. No.:326211 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners Female | 0 | 125 | सम्बन्धित काममा दक्ष | 800 | ३०,६२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Cleaners Male | 66 | 0 | | 800 | ३०,६२४ | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज ९ गते (25 September 2025) मा हुनेछ।

